# ३. प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण

- शेखर पराजुली र भास्कर गौतम

## उद्देश्य

निसन्देह वि.सं. २०४६ को जनआन्दोलनपछि फस्टाएको एक प्रमुख क्षेत्र हो पत्रकारिता। ठीक त्यही समयदेखि विभिन्न प्रवृत्ति र प्रयासबाट जातीय जागरण र संगठनका लहरहरु पनि उठिरहेका छन्। यसरी सँगै बढिरहेको पत्रकारिताको विकास र जातीय र वर्गीय आन्दोलनको आपसी समन्वय कस्तो छ? पत्रकारिता लगायत समाजका हरेक क्षेत्रमा सबै जाति र धर्मका मानिसहरुको सन्तुलित प्रतिनिधित्व हुनुपर्दछ भन्ने दलित र जनजातिको आवाजलाई नेपालका प्रिन्ट मिडियाले कसरी लिएका छन्? यिनै प्रश्नहरुको जवाफ यो सर्वेक्षणमा खोजिएको छ।

विशेष गरी दलितरजनजातिको संख्यागत लगत लिनका लागि गरिएको यस सर्वेक्षणको उद्देश्यलाई बुँदागत रुपमा यसरी बुझ्न सकिन्छः

(क) मूल प्रवाह र सहायक प्रकाशन गृहमा दलित, जनजातिको प्रतिनिधित्व के कसरी भएको छ वा छैन? छ भने कति छ र छैन भने किन भन्ने कुरा पत्ता लगाउनु।

(ख) प्रकाशन संस्थाले कर्मचारी नियुक्त गर्ने प्रक्रियारनीतिमा दलित र जनजातिलाई प्राथमिकता दिने गरेको छ वा छैन? छ भने दलित र जनजातिको प्रतिनिधित्व गराउन के के कठिनाइ परेका छन्? यदि छैन भने किन त्यसो गर्न आवश्यक नठानिएको? त्यसको खोजी गर्नु।

(ग) दलित र जनजातिको संख्यात्मक प्रतिनिधित्व बढाउन नीतिगत र प्रक्रियागत समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ? तत्काल चाल्न सकिने कदमहरु र दीर्घकालीन नीतिहरु के हुन सक्छन्? यी कुराहरु पहिल्याउनु।

१. प्रकाशन संस्थाहरुको सर्वेक्षण

विधिः उपर्युक्त उद्देश्य प्राप्तिका लागि प्रकाशन संस्थाहरुको सर्वेक्षण गर्दा अपनाइएको विधिलाई निम्न उप-शीर्षकमा बाँडेर प्रस्तुत गरिन्छः

(क) प्रश्नावलीः यस अनुसन्धानका लागि आवश्यक पर्ने सूचना र जानकारीहरु लिने काम प्राथमिक स्रोतबाट नै गरिने भएकाले सर्वप्रथम प्रश्नावली तयार गरियो।

प्रश्नावलीमा प्रकाशन संस्थासँग सम्बद्ध कर्मचारीको नाम, थर, पद र अन्य केही प्रश्नहरु सोधिएको थियो। उक्त प्रश्नावलीको परीक्षण गर्ने उद्देश्यले ३ वटा प्रकाशन संस्थामा गई प्रश्नावली भरेर ल्याइयो। त्यसपछि पुनः आवश्यक छलफल गरेर थप सुधार गरी प्रश्नावलीको अन्तिम प्रारुप तयार गरियो। उक्त प्रश्नावली अन्य प्रकाशन संस्थाहरुको सर्वेक्षण गर्न प्रयोग गरियो। (प्रश्नावलीको नमुना अनुसूची 'ख' मा छ)

(ख) क्षेत्रः काठमाडौं उपत्यकाभित्र र उपत्यका बाहिरका प्रमुख शहरहरु महेन्द्रनगर, धनगढी, नेपालगन्ज, सुर्खेत, दाङ्ग, बुटवल, भैरहवा, तानसेन, बाग्लुङ्ग, पोखरा, दमौली, नारायणगढ, हेटौंडा, वीरगन्ज, जनकपुर, राजविराज, इटहरी, विराटनगर, धरान, पथरी, बिर्तामोड र भद्रपुरमा सर्वेक्षण गर्नका लागि अनुसन्धानकर्ताहरु पुगेका थिए। यी ठाउँका प्रकाशन संस्थामा गएर प्रश्नावली भर्ने काम गरिएको थियो।

(ग) छनौट प्रक्रियाः काठमाडौं उपत्यकाभित्र बढी चल्ने भनी मानिएका र नाम चलेका प्रकाशनका प्रकाशन संस्थाहरुमा गई सर्वेक्षण गरियो। त्यस्तै दलित र जनजातिले प्रकाशन गर्ने गरेका केही पत्रिकाको पनि सर्वेक्षण गरियो।

उपत्यका बाहिर सर्वप्रथम कुन कुन पत्रिका कुन कुन शहरबाट प्रकाशित हुन्छन् भन्ने कुरा प्रेस काउन्सिलको पत्रपत्रिका वर्गीकरण सूचीबाट पत्ता लगाइयो। त्यसपछि सम्बन्धित शहरमा पुगेर सूचीमा उल्लिखित पत्रिकाको बजारको सामान्य अध्ययन पनि गरियो। नियमित रुपमा प्रकाशित हुने र स्थानीय बजारमा राम्रो प्रभाव जमाएका पत्रिकाको प्रकाशनमा गएर सर्वेक्षण सम्पन्न गरियो।

(घ) सूचना सङ्कलन-प्रक्रियाः प्रकाशन गृहमा पुगेपछि प्रकाशक, सम्पादक वा व्यवस्थापकमध्ये एक जनालाई र आवश्यक परेको खण्डमा तीनै जनालाई प्रश्नावली प्रस्तुत गरी जानकारी हासिल गरियो। धेरैजसो ठाउँमा अनुसन्धानकर्ताद्वारा नै प्रश्नहरु सोद्धै प्रश्नावली भरिएको थियो भने केही ठाउँमा प्रकाशनसँग सम्बन्धित व्यक्ति स्वयंले अनुसन्धानकर्ताको अगाडि प्रश्नावली भरेर दिनुभएको थियो। केही ठाउँमा प्रश्नावली छोडिएको र प्रकाशनसँग सम्बद्ध व्यक्तिले भरेपछि हुलाक र कुरियरको माध्यमबाट उक्त प्रश्नावली अनुसन्धानकर्तालाई उपलब्ध गराइएको थियो।

(ङ) सूचीकरणः अनुसन्धानलाई बढी प्रभावकारी र अध्ययन-प्रक्रियालाई बढी सरल बनाउन अधिराज्यलाई काठमाडौं» उपत्यकाभित्र र उपत्यकाबाहिर गरी जम्मा दुई भागमा बाँडियो। त्यसपछि प्रकाशनको नाम, ठेगाना, प्रकाशकरसम्पादक, जनजातिको प्रतिनिधित्व, दलितको प्रतिनिधित्व, महिलाको प्रतिनिधित्व, व्यवस्थापनको प्राथमिकता, मूल्याङ्कन र टिप्पणी आदि स्तम्भहरु राखेर हरेक प्रश्नावलीलाई सूचीकृत गरियो।

(च) सीमाः स्रोत, साधन र समयको सीमितताले गर्दा यस सर्वेक्षणले अधिराज्यका सबै प्रकाशनलाई समेट्न सकेको छैन। केही प्रकाशन स्वयं नै आफ्नो गोपनीयता भ· हुने कारण दर्शाई प्रश्नावली भर्न राजी भएनन्। त्यस्तै केही प्रकाशनले गोपनीयताकै कारण भनी संबाददाताको नाम दिन चाहेनन्।

त्यसै गरी सर्वेक्षण गर्दा व्यक्तिको नाम थर मात्र सङ्कलन गरिएको र त्यसैका आधारमा जात अनुसन्धान गरिएको हो। थापा, रोका, बुढा जस्ता थरहरु छेत्री र मगर दुवैमा प्रयोग हुने भएकाले जात खुट्ट्याउन गाह्रो पर्‍यो। यी थर भएकालाई जनजातिको समूहमा राखिएन। केही व्यक्तिले उपनामको र केहीले छद्म नामको प्रयोग गरेकाले पनि जात र लि·समेत छुट्ट्याउन गाह्रो भयो। 'तारा बराल' 'ज्योति दाहाल' जस्ता नामले व्यक्ति पुरुष हो वा महिला हो छुट्ट्याउन सकिएन।

## नतिजा

नेपालको सामाजिक संरचनालाई हेर्ने हो भने विभिन्न किसिमका जात, जाति र जातीय संरचनाहरु भेटिन्छन्। तर नेपालको पत्रकारिता जगतमा अरु व्यावसायिक क्षेत्रमा जस्तै बाहुन, छेत्री र नेवारकै बाहुल्य रहेको छ भन्ने आवाज छ। वास्तविकता के हो भनेर बुझ्न सर्वेक्षणको नतिजा हेरौँ। नतिजा विश्लेषण गर्न सजिलो होस् भनी सि·ो प्रकाशन समूहलाई सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूह गरी तीन भागमा बाँडिएको छ। प्रत्येक तीन समूहमा काठमाडौँ उपत्यकाबाहिर र काठमाडौँ उपत्यकाको प्राप्त नतिजालाई क्रमैसँग विश्लेषण गरिएको छ।

### (क) सम्पादक समूह[१]

उपत्यकाबाहिरः सम्पादक समूहको जातिगत स्थितिलाई तालिका ३.१ ले स्पष्ट बनाउँछ। तालिकाबाट के देखिन्छ भने सर्वेक्षण गरिएका ७३ प्रकाशनमा ९५६ जना सम्पादक समूहभित्र पर्दछन्। ती मध्ये १६४ जना (१७.१५५) जनजाति हुन् तर तिनमा ५७ जना (५.९६५) नेवार जातिका छन्। यसले जनजाति समूहभित्र नेवार जातिको सहभागिता बढी देखाउँछ। यसबाट स्पष्ट हुन्छ अन्य जनजातिको सम्पादक समूहमा उचित प्रतिनिधित्व हुन सकेको छैन।

१ सम्पादक समूह भन्नाले संवाददाता, सम्पादक मण्डल र लेआउटतर्फका मानिसहरुको समूह भनेर बुझ्नुपर्छ।

तालिका ३.१: उपत्यकाबाहिर सम्पादक समूह

| क्र. सं. | प्रकाशनरठेगाना | सम्पादक समूह संख्या | जनजाति संख्या | | जनजाति प्रतिशत | दलित संख्या | दलित प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गैर नेवार | नेवार | | | | | |
| १. | विवेचना दैनिक (भद्रपुर, झापा) | १७ | ३ | १ | २३.५३ | x | x | x | x |
| २. | हिजोआज दैनिक (भद्रपुर, झापा) | ३ | x | x | x | x | x | x | x |
| ३. | नयाँ कामना साप्ताहिक (बिर्तामोड, झापा) | ८ | १ | x | १२.५ | x | x | x | x |
| ४. | पूर्वाञ्चल दैनिक (बिर्तामोड) | १५ | ३ | x | २०.० | x | x | २ | १३.३३ |
| ५. | मुक्ति आवाज साप्ताहिक ( बिर्तामोड) | २२ | २० | १ | ९५.४५ | x | x | २ | ९.०९ |
| ६. | मोफसल साप्ताहिक (पथरी) | २४ | १२ | x | ५०.०० | ३ | ८.३३ | १ | ४.१६ |
| ७. | सप्तकोशी साप्ताहिक (इटहरी) | १४ | २ | x | १४.२८ | x | x | x | x |
| ८. | डेली मर्निङ पोष्ट दैनिक (धरान) | ३२ | ११ | ५ | ५०.०० | x | x | ४ | १२.५ |
| ९. | विजयपुर साप्ताहिक (धरान) | २० | ५ | १ | ३०.०० | x | x | २ | १०.०० |
| १०. | ब्लास्ट टाइम्स दैनिक (धरान) | ३५ | ९ | १ | २८.५७ | x | x | ३ | ८.५७ |
| ११. | महानगर दैनिक (विराटनगर) | ४ | x | १ | २५.०० | x | x | x | x |
| १२. | दृष्टान्त साप्ताहिक (विराटनगर) | १० | २ | १ | ३०.०० | x | | १ | १०.०० |
| १३. | सत्यापन साप्ताहिक (राजविराज) | २१ | ९ | १ | ४७.६२ | x | x | x | x |
| १४. | आजको वातावरण दैनिक ( राजविराज) | १० | x | x | x | x | x | १ | १०.०० |
| १५. | सूचना साप्ताहिक (राजविराज) | ७ | x | x | x | x | x | १ | १४.२९ |
| १६. | सगरमाथा आवाज साप्ताहिक ( राजविराज) | ८ | x | x | x | x | x | x | x |
| १७. | मिथिला साप्ताहिक (राजविराज) | १२ | x | x | x | x | x | x | x |
| १८. | जनकपुर एक्सप्रेस दैनिक ( जनकपुर) | २० | x | १ | ५.०० | x | x | १ | ५.०० |
| १९. | जनकपुर टुडे दैनिक (जनकपुर) | २५ | २ | x | ८.०० | x | x | १ | ४.०० |
| २०. | बलिदान साप्ताहिक (हेटौंडा) | ६ | x | x | x | x | x | १ | १६.६६ |
| २१. | जनमुखी मासिक (हेटौंडा) | १ | x | | x | x | x | x | x |
| २२. | मधुपत्र साप्ताहिक (हेटौंडा) | ११ | x | १ | ९.०९ | x | x | x | x |
| २३. | हेटौंडा पोस्ट साप्ताहिक (हेटौंडा) | २ | x | x | x | x | x | x | x |
| २४. | हेटौंडा बा:पौ: (हेटौंडा) | ४ | x | ४ | १०० | x | x | x | x |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २५. | प्रयास साप्ताहिक (हेटौँडा) | ६ | x | १ | १६.६ | x | x | x | x |
| २६. | उत्थान साप्ताहिक (वीरगन्ज) | २ | x | x | x | x | x | x | x |
| २७. | सन्डे टाइम्स साप्ताहिक (वीरगन्ज) | २६ | x | x | x | x | x | x | x |
| २८. | प्रतीक दैनिक (वीरगन्ज) | १९ | x | १ | ५.२ | १ | ५.२ | ४ | २१.०५ |
| २९. | तराई टुडे दैनिक (वीरगन्ज) | २ | x | x | x | x | x | x | x |
| ३०. | ग्रामिण समाचार पाक्षिक ( वीरगन्ज) | ५ | x | x | x | x | x | १ | २०.०० |
| ३१. | सर्वेक्षण साप्ताहिक (वीरगन्ज) | २० | x | १ | ५.०० | १ | ५.०० | x | x |
| ३२. | प्रभात वाणी साप्ताहिक (वीरगन्ज) | १५ | x | x | x | x | | x | x |
| ३३. | प्रज्वलित साप्ताहिक (वीरगन्ज) | १७ | x | x | x | २ | ११.७७ | ३ | १७.६४ |
| ३४. | नारायणी दैनिक (नारायणगढ) | ४३ | १ | ६ | १६.२७ | x | x | १ | २.३३ |
| ३५. | पारदर्शी साप्ताहिक (नारायणगढ) | २३ | x | x | x | १ | ४.३ | २ | ८.६९ |
| ३६. | नव व्यास वाणी साप्ताहिक ( दमौली) | १२ | १ | १ | १६.६६ | x | x | x | x |
| ३७. | पोखरा हटलाइन दैनिक (पोखरा) | १७ | २ | १ | १७.६४ | x | x | x | x |
| ३८. | नव दर्पण साप्ताहिक (पोखरा) | ६ | x | x | x | x | x | x | x |
| ३९. | राष्ट्रिय स्वाभिमान साप्ताहिक ( पोखरा) | ५ | x | x | x | २ | x | x | x |
| ४०. | जनमत दैनिक (पोखरा) | १४ | १ | १ | १४.२८ | x | x | १ | ७.१४ |
| ४१. | दैनिक पोखरा पत्र (पोखरा) | १४ | १ | २ | २१.४३ | x | x | x | x |
| ४२. | राष्ट्र आवाज साप्ताहिक (पोखरा) | ३ | x | १ | ३३.३३ | x | x | x | x |
| ४३. | आदर्श समाज दैनिक (पोखरा) | १४ | १ | १ | १४.२८ | x | x | १ | ७.१४ |
| ४४. | धौलाश्री साप्ताहिक (बाग्लुङ्ग) | १० | x | x | x | x | x | x | x |
| ४५. | न्यू धौलागिरि दैनिक (बाग्लुङ्ग) | ४ | x | १ | २५.०० | x | x | x | x |
| ४६. | धौलागिरि आवाज साप्ताहिक ( बाग्लुङ्ग) | १० | x | १ | १०.०० | x | x | x | x |
| ४७. | बाग्लुङ्ग साप्ताहिक (बाग्लुङ्ग) | ३ | x | २ | ६६.६६ | x | x | x | x |
| ४८. | नव जन चेतना साप्ताहिक (पाल्पा) | १५ | २ | x | १३.३३ | x | x | १ | ६.६६ |
| ४९. | संबाद साप्ताहिक (भैरहवा) | १५ | x | १ | ६.६६ | x | x | ३ | २०.०० |
| ५०. | श्री देउराली दैनिक (बुटवल) | ११ | x | x | x | x | x | x | x |
| ५१. | नयाँ राज्यसत्ता साप्ताहिक (बुटवल) | १० | १० | x | १०० | x | x | २ | २० |
| ५२. | जन सङ्घर्ष दैनिक (बुटवल) | २१ | १ | २ | १४.२९ | x | x | ३ | १४.२९ |
| ५३. | लुम्बिनी दैनिक (बुटवल) | २१ | x | x | x | १ | ४.७३ | x | x |
| ५४. | नयाँ दिशा दैनिक (बुटवल) | १३ | १ | x | ७.६९ | x | x | x | x |
| ५५. | सरयू साप्ताहिक (दा·) | ८ | १ | x | १२.५ | x | x | x | x |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५६. | राप्तीसन्देश अर्ध-साप्ताहिक (दा·) | १० | x | x | x | x | x | x | x |
| ५७. | गाउँघर साप्ताहिक (दा·) | ९ | x | x | x | x | x | x | x |
| ५८. | नयाँ युगवोध दैनिक (दा·) | १६ | १ | x | ६.२५ | x | x | x | x |
| ५९. | वागेश्वरी टाइम्स (नेपालगन्ज) | २१ | x | x | | २ | ९.५२ | x | x |
| ६०. | काल पृष्ठ साप्ताहिक (नेपालगन्ज) | १० | x | ३ | ३०.०० | x | x | १ | १० |
| ६१. | किरण साप्ताहिक (नेपालगन्ज) | ८ | x | x | x | x | x | x | x |
| ६२. | उज्यालो साप्ताहिक (नेपालगन्ज) | ५ | x | २ | ४०.०० | १ | २०.०० | x | x |
| ६३. | नेपालगञ्ज एक्सप्रेस दैनिक ( नेपालगन्ज) | १७ | x | १ | ५.८८ | २ | ११.७६ | २ | ११.७६ |
| ६४. | जनमत अर्धसाप्ताहिक (नेपालगन्ज) | १६ | १ | ५ | ३६.५ | x | x | १ | ६.२५ |
| ६५. | सुसेली साप्ताहिक (सुर्खेत) | १९ | x | x | x | x | x | १ | ५.२६ |
| ६६. | भेरी साप्ताहिक (सुर्खेत) | ९ | x | x | x | x | x | x | x |
| ६७. | मातृ सन्देश अर्धसाप्ताहिक ( धनगढी) | २ | x | x | x | x | x | १ | ५०.०० |
| ६८. | श्री नेपाल टाइम्स दैनिक ( महेन्द्रनगर) | ७ | १ | x | १४.२९ | x | x | x | x |
| ६९. | फारवेस्ट टाइम्स दैनिक ( महेन्द्रनगर) | १४ | १ | २ | २१.४३ | x | x | १ | ७.१४ |
| ७०. | रहस्य साप्ताहिक (महेन्द्रनगर) | १५ | x | १ | ६.६६ | x | x | x | x |
| ७१. | श्री सार्थक साप्ताहिक (महेन्द्रनगर) | १६ | १ | २ | १८.७५ | १ | ६.२५ | २ | १२.५० |
| ७२. | नयाँ मुलुक दैनिक (महेन्द्रनगर) | १८ | १ | x | ५.५५ | x | x | x | x |
| ७३. | कालापानी सन्देश साप्ताहिक ( महेन्द्रनगर) | ९ | x | x | x | x | x | x | x |
| | जम्मा | ९५६ | १०७ | ५७ | १७.१५ | १७ | १.७८ | ५१ | ५.३३ |

अझ दलित सहभागिताको आँकडा त केवल १७ जना (१.७८५) को छ। अनि ५१ जना (५.३३५) महिलाको सहभागिता रहे पनि जनजाति महिलाहरु औँलामा गन्न सकिने मात्र छन्। तर दलित महिलाको भने उपस्थिति नगन्य छ।

सम्पादक समूहभित्र सम्पादकहरुको मात्र चर्चा गर्दा ७३ मध्ये १० जना जनजाति सम्पादक देखिन्छन्। दलितको संख्या शून्य छ। अनि १० मध्ये जम्मा दुई गैर-नेवार सम्पादक छन्। बिर्तामोड (झापा) बाट निस्कने साप्ताहिक *मुक्ति आवाज*मा तिलविक्रम कन्दङ्वा सम्पादक हुनुहुन्छ। अनि बुटवलबाट निस्कने साप्ताहिक *राज्यसत्ता*मा देवबहादुर पाटा सम्पादक हुनुहुन्छ। *मुक्ति आवाज* र *राज्यसत्ता*को उल्लेख गर्दा यी दुवै जनजातिहरु स्वयंले सञ्चालन गर्दै आएका पत्रिका हुन्। यसले के देखाउँछ भने अन्य विभिन्न दैनिक र साप्ताहिक पत्रिका जुन जनजातिको प्रतिनिधित्व गर्न वा जनजातिसँग सम्बन्धित अन्य कुनै निश्चित उद्देश्य लिएर निस्किएका होइनन्, ती पत्रिकाहरुमा जनजातिको सम्पादकको प्रतिनिधित्व शून्य छ।

उपत्यकाभित्रः उपत्यकाभित्र कुल ४१ वटा प्रकाशनको सर्वेक्षण गरिएको थियो।[२] तालिका ३.२ मा देखाइए झैं यहाँ सम्पादक समूहभित्र जम्मा ६९३ जना (यो संख्यामा काठमाडौंबाट प्रकाशित दैनिक प्रकाशनहरुसँग संलग्न काठमाडौं बाहिरका स्ट्रिन्जरहरुलाई समावेश गरिएको छैन।) व्यक्तिको सहभागिता रहेको देखिन्छ। तीमध्ये १४९ जना ( २१.५५० जनजातिका छन् र तीमध्ये पनि ९३ जना (१३.४५) नेवार छन्। बाँकी (८.०८५)मा राई, लिम्बू र तामा·को संख्या धेरै छ।

यस समूहमा ११ जना (१.५८५) दलित सहभागी छन्। तर *जन उत्थान* भन्ने एक मात्र दलितप्रधान पत्रिकालाई अलग्याउने हो भने यो संख्या मात्र ३ हुन आउँछ। मधेसी दलितको त कहीं कतै नामोनिशान भेटिंदैन।

सम्पादक समूहमा ३१ जना महिलाको संलग्नता देखिन्छ। तर *अस्मिता* भन्ने एकमात्र नारीप्रधान पत्रिकालाई अलग्याउने हो भने यो संख्या १९ हुन आउँछ। यस समूहका ३१ जना महिलामध्ये ८ जना ( २५.८५) जनजातिका छन् र तीमध्ये ५ जना (१६.१५) नेवार छन्। दलित महिलाको संख्या नगन्य छ।

यी ४१ वटा प्रकाशनमध्ये १७ वटामा जनजातिका सम्पादक रहेको पाइयो। तीमध्ये १३ जना त नेवार मात्र छन् बाँकी ४ जना पनि जनजातिकै अग्रसरतामा प्रकाशन सुरु भएका र मूल प्रवाहभन्दा बाहिरका पत्रिकाका सम्पादक हुन्। त्यस्तै दलितको संगठनले प्रकाशित गर्ने जन उत्थान मासिकमा मात्र दलित सम्पादक रहेको पाइयो। यसबाहेक अन्य प्रकाशनमा दलित सम्पादक भएको पाइएन। महिला सम्पादक रहेका दुईवटा प्रकाशन फेला परेका थिए जसमध्ये एउटा नारीप्रधान पत्रिका *अस्मिता* नै थियो।

तालिका ३.२: उपत्यकाभित्र सम्पादक समूह

| क्र. सं. | प्रकाशन | सम्पादक समूह संख्या | जनजाति संख्या | | जनजाति प्रतिशत | दलित संख्या | दलित प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गैर नेवार | नेवार | | | | | |
| १. | समाचारपत्र दैनिक | २६ | १ | ६ | २६.९ | x | x | १ | ३.८४ |
| २. | कान्तिपुर दैनिक | ३६ | १ | ४ | १३.८ | १ | २.७७ | ३ | ८.३३ |
| ३. | नयाँ सडक दैनिक | २० | x | १ | ५ | x | x | x | x |
| ४. | गोरखापत्र दैनिक | १६ | x | १ | ६.२५ | x | x | ४ | २५ |
| ५. | सन्ध्याकालीन दैनिक | २० | x | ३ | १५ | x | x | x | x |
| ६. | सन्ध्या टाइम्स दैनिक | ९ | x | ८ | ८८.८ | x | x | x | x |
| ७. | दि राइजिङ नेपाल | १४ | x | ३ | २१.४ | x | x | x | x |
| ८. | सिटी टाइम्स सन्ध्याकालीन | ६ | १ | ५ | १०० | x | x | x | x |
| ९. | प्रभातकालीन दैनिक | १६ | १ | १ | १२.५ | x | x | x | x |
| १०. | जन एकता साप्ताहिक | २५ | २ | १ | १२ | x | x | १ | ४ |
| ११. | स्वनिगः साप्ताहिक | ८ | x | ८ | १०० | x | x | x | x |
| १२. | जनआस्था साप्ताहिक | ४८ | ४ | ९ | २७.०८ | x | x | x | x |

[२] जनजाति मञ्च हाम्रो सर्वेक्षणमा पर्न सकेन। धेरैचोटि कोशिस गर्दा पनि उक्त पत्रिकाका सम्पादकसँग सम्पर्क हुन सकेन।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३. | नेपालीपत्र साप्ताहिक | २४ | x | २ | ८.३ | १ | ४.१६ | x | x |
| १४. | जाम्बुलि· साप्ताहिक | १३ | १३ | x | १०० | x | x | x | x |
| १५. | अप्सरा वा: पौं: | ७ | १ | ६ | १०० | x | x | x | x |
| १६. | दृष्टि साप्ताहिक | २६ | १ | २ | ११.५ | १ | ३.८४ | x | x |
| १७. | महिमा साप्ताहिक | २५ | २ | x | ८ | x | x | २ | ८ |
| १८. | खुलामञ्च साप्ताहिक | १७ | १ | x | ५.८८ | x | | x | x |
| १९. | खबर कागज साप्ताहिक | १६ | x | १ | ६.२५ | x | x | x | x |
| २०. | प्रकाश साप्ताहिक | २४ | ३ | x | १२.५ | x | x | x | x |
| २१. | देशान्तर साप्ताहिक | १९ | x | १ | ५.२६ | x | x | x | x |
| २२. | बुधवार साप्ताहिक | २० | x | १ | ५ | x | x | x | x |
| २३ | तरुण साप्ताहिक | १२ | x | x | | x | x | x | x |
| २४ | साप्ताहिक | ११ | x | ४ | ३६.३६ | x | x | x | x |
| २५. | नव युगवाणी साप्ताहिक | २७ | x | १ | ३.७ | x | x | ४ | १४.८ |
| २६. | जनधारणा साप्ताहिक | २३ | २ | १ | १३.०४ | x | x | x | x |
| २७. | विमर्श साप्ताहिक | १० | १ | x | १० | x | x | x | x |
| २८. | नेपाल जागरण साप्ताहिक | २४ | १ | ३ | १६.६ | x | x | १ | ४.१६ |
| २९. | घटना र विचार साप्ताहिक | ४८ | ३ | ५ | १६.६ | x | x | x | x |
| ३०. | हिमाल पाक्षिक | १७ | ३ | २ | २९.४ | x | x | १ | ५.८८ |
| ३१. | अस्मिता मासिक | १९ | १ | ३ | २१.०५ | x | x | १२ | ६३.१५ |
| ३२. | एक्काइसौं शताब्दी मासिक | ३ | x | | x | x | x | x | x |
| ३३. | मूल्याङ्कन मासिक | ६ | x | ३ | ५० | x | x | x | x |
| ३४. | नव युवा मासिक | ८ | x | ५ | ६२.५ | x | x | x | x |
| ३५. | गोरखा सैनिक आवाज मासिक | २ | १ | x | ५० | x | x | x | x |
| ३६. | नेपाल मिरर मासिक | १३ | x | २ | १५.३ | x | x | x | x |
| ३७. | जन उत्थान मासिक | ८ | x | x | x | ८ | १०० | १ | १२.५ |
| ३८. | युवा मञ्च मासिक | ४ | x | १ | २५ | x | x | x | x |
| ३९. | नागरिक त्रैमासिक | ७ | ७ | x | १०० | x | x | x | x |
| ४०. | विमोचन मासिक | ९ | x | x | x | x | x | x | x |
| ४१. | तामा· टाइम्स त्रैमासिक | ७ | ६ | x | ८५.७ | x | x | १ | १४.२८ |
| | जम्मा: | ६९३ | ५६ | ९३ | २१.५० | ११ | १.५८ | ३१ | ४.४७ |

(ख) स्तम्भकार समूह[३]

उपत्यका बाहिरः तालिका ३.३ ले स्पष्टसँग दैनिक र साप्ताहिक गरी ७३ वटा पत्रिकामा २९८ जना स्तम्भकारको संलग्नता देखाउँछ। यस संख्याभित्र २५ जना ९८.३८५० जनजातिले प्रतिनिधित्व गरेका छन्। तीमध्ये १३ जना (४.३६५) नेवार जातिका रहेका छन्। गैर-नेवारको प्रतिनिधित्व भनेको मात्र १२ जना (४.०२५) हो। अझ दलित स्तम्भकारको उपस्थिति त शून्य छ।

तालिका नं. ३.३: उपत्यकाबाहिर स्तम्भकार समूह

| क्र. | प्रकाशनरठेगाना | स्तम्भकार | जनजाति | | | दलित | | महिला | |
|---|---|---|---|---|---|---|---|---|---|
| सं. | | संख्या | संख्या | | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | | | गैर नेवार | नेवार | | | | | |
| १. | विवेचना दैनिक (भद्रपुर) | ६ | x | x | x | x | x | x | x |
| २. | हिजो आज दैनिक (भद्रपुर) | x | x | x | x | x | x | x | x |
| ३. | नयाँ कामना साप्ताहिक (बिर्तामोड) | ३ | x | x | x | x | x | x | x |
| ४. | पूर्वाञ्चल दैनिक (बिर्तामोड) | ४ | x | x | x | x | x | x | x |
| ५. | मुक्ति आवाज साप्ताहिक (बिर्तामोड) | ७ | १ | x | १४.२९ | x | x | x | x |
| ६. | मोफसल साप्ताहिक (पथरी) | १ | १ | x | १००.०० | x | x | x | x |
| ७. | सप्तकोशी साप्ताहिक (इटहरी) | २ | १ | x | ५०.०० | x | x | x | x |
| ८. | डेली मर्निङ पोस्ट दैनिक (धरान) | ५ | २ | ३ | १००.०० | x | x | x | x |
| ९. | विजयपुर साप्ताहिक (धरान) | ८ | २ | x | २५.०० | x | x | x | x |
| १०. | ब्लास्ट टाइम्स दैनिक (धरान) | x | x | x | x | x | x | x | x |
| ११. | महानगर दैनिक (विराटनगर) | x | x | x | x | x | x | x | x |
| १२. | दृष्टान्त साप्ताहिक (विराटनगर) | ४ | x | x | x | x | x | x | x |
| १३. | सत्यापन साप्ताहिक (राजविराज) | २ | x | x | x | x | x | x | x |
| १४. | आजको वातावरण दैनिक (राजविराज) | x | x | x | x | x | x | x | x |
| १५. | सूचना साप्ताहिक (राजविराज) | ३ | x | x | x | x | x | x | x |
| १६. | सगरमाथा आवाज साप्ताहिक (राजविराज) | १ | x | x | x | x | x | x | x |

३ स्तम्भकार समूह भन्नाले प्रकाशनसँग नियमित स्तम्भकारका रुपमा आवद्ध व्यक्तिको समूह भनेर बुझ्नु पर्दछ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७. | मिथिला साप्ताहिक (राजबिराज) | ८ | x | x | x | x | x | ३ | ३७.५० |
| १८. | जनकपुर एक्सप्रेस दैनिक ( जनकपुर) | ५ | x | x | x | x | x | १ | २०.०० |
| १९. | जनकपुर टुडे दैनिक (जनकपुर) | ७ | x | x | x | x | x | x | x |
| २०. | बलिदान साप्ताहिक (हेटौंडा) | १ | x | x | x | x | x | x | x |
| २१. | जनमुखी मासिक (हेटौंडा) | १ | x | x | x | x | x | x | x |
| २२. | मधुपत्र साप्ताहिक (हेटौंडा) | x | x | x | x | x | x | x | x |
| २३ | हेटौंडा पोष्ट साप्ताहिक ( हेटौंडा) | ६ | १ | x | १६.६६ | x | x | x | १६.६६ |
| २४. | प्रयास साप्ताहिक (हेटौंडा) | ३ | x | x | x | x | x | x | x |
| २५. | हेटौंडा बा:पौ: (हेटौंडा) | २ | x | २ | १०० | x | x | x | x |
| २६. | उत्थान साप्ताहिक (वीरगन्ज) | x | x | x | x | x | x | x | x |
| २७. | सन्डे टाइम्स साप्ताहिक ( वीरगन्ज) | १० | x | x | x | x | x | x | x |
| २८. | प्रतीक दैनिक (वीरगन्ज) | ७ | x | x | x | x | x | x | x |
| २९. | तराई टुडे दैनिक (वीरगन्ज) | x | x | x | x | x | x | x | x |
| ३०. | ग्रामीण समाचार पाक्षिक ( वीरगन्ज) | १ | x | x | x | x | x | १ | x |
| ३१. | सर्वेक्षण साप्ताहिक (वीरगन्ज) | २ | x | x | x | x | x | x | x |
| ३२. | प्रभातवाणी साप्ताहिक ( वीरगन्ज) | १ | x | x | x | x | x | x | x |
| ३३. | प्रज्वलित साप्ताहिक (वीरगन्ज) | १ | x | x | x | x | x | x | x |
| ३४. | नारायणी दैनिक (नारायणगढ) | १८ | १ | x | ५.५५ | x | x | x | x |
| ३५. | पारदर्शी साप्ताहिक ( नारायणगढ) | ३ | x | १ | ३३.३३ | x | x | x | x |
| ३६. | नव व्यासवाणि साप्ताहिक ( दमौली) | २ | x | १ | ५०.०० | x | x | x | x |
| ३७. | पोखरा हटलाइन दैनिक ( पोखरा) | ४ | १ | x | २५.०० | x | x | x | x |
| ३८. | नव दर्पण साप्ताहिक (पोखरा) | x | x | x | x | x | x | x | x |
| ३९. | राष्ट्रिय स्वाभिमान साप्ताहिक ( पोखरा) | ४ | x | x | x | x | x | x | x |
| ४०. | जनमत दैनिक (पोखरा) | ४ | | १ | २५.०० | x | x | x | x |
| ४१. | पोखरा पत्र दैनिक (पोखरा) | ९ | x | x | x | x | x | x | x |
| ४२. | राष्ट्र आवाज साप्ताहिक ( | ४ | x | x | x | x | x | x | x |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पोखरा) | | | | | | | | |
| ४३. | आदर्श समाज दैनिक (पोखरा) | x | x | x | x | x | x | x | x |
| ४४. | धौलाश्री साप्ताहिक (बाग्लङ्ग) | ३ | x | x | x | x | x | x | x |
| ४५. | न्यू धौलागिरि दैनिक (बाग्लङ्ग) | ६ | x | १x | १६.६ | x | x | x | x |
| ४६. | धौलागिरि आवाज साप्ताहिक ( बाग्लङ्ग) | ५ | x | १ | २०.०० | x | x | x | x |
| ४७. | बाग्लुङ्ग साप्ताहिक (बाग्लुङ्ग) | २ | x | १ | ५०.०० | x | x | x | x |
| ४८. | नव चेतना साप्ताहिक (पाल्पा) | ४ | x | १ | २५.०० | x | x | x | x |
| ४९. | संवाद साप्ताहिक (भैरहवा) | ४ | x | x | x | x | x | x | x |
| ५०. | श्री देउराली दैनिक (बुटवल) | ३ | x | x | x | x | x | x | x |
| ५१. | नयाँ राज्यसत्ता साप्ताहिक ( बुटवल) | ९ | x | x | | x | x | x | x |
| ५२. | जन संघर्ष दैनिक (बुटवल) | १० | १ | x | १०.०० | x | x | x | x |
| ५३. | लुम्बिनी दैनिक (बुटवल) | १० | १ | x | १०.० | x | x | x | x |
| ५४. | नयाँ दिशा दैनिक (बुटवल) | ३ | x | x | x | x | x | x | x |
| ५५. | सरयू साप्ताहिक (दा·) | ४ | x | x | x | x | x | x | x |
| ५६. | राप्ती सन्देश अर्ध साप्ताहिक ( दा·) | ५ | x | x | x | x | x | १ | २०.०० |
| ५७. | गाउँघर साप्ताहिक (दा·) | ७ | x | १ | १४.२९ | x | x | १ | १४.२९ |
| ५८. | नयाँ युगबोध दैनिक (दा·) | ५ | x | x | x | x | x | x | x |
| ५९. | बागेश्वरी टाइम्स (नेपालगन्ज) | २२ | x | x | x | x | x | २ | ९.०९ |
| ६०. | काल पृष्ठ साप्ताहिक ( नेपालगन्ज) | ३ | x | x | x | x | x | x | x |
| ६१. | किरण साप्ताहिक (नेपालगन्ज) | २ | x | x | x | x | x | x | x |
| ६२. | उज्यालो साप्ताहिक ( नेपालगन्ज) | x | x | x | x | x | x | x | x |
| ६३. | नेपालगन्ज एक्सप्रेस दैनिक ( नेपालगन्ज) | १० | x | x | x | x | x | x | x |
| ६४. | जनमत अर्धसाप्ताहिक ( नेपालगन्ज) | ३ | x | x | x | x | x | x | x |
| ६५. | सुसेली साप्ताहिक (सुर्खेत) | ६ | x | x | x | x | x | x | x |
| ६६. | भेरी साप्ताहिक (सुर्खेत) | ४ | x | x | x | x | x | x | x |
| ६७. | मातृ सन्देश अर्धसाप्ताहिक ( धनगढी) | २ | x | x | x | x | x | x | x |
| ६८. | श्री नेपाल टाइम्स दैनिक ( | ६ | x | x | x | x | x | x | x |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महेन्द्रनगर) | | | | | | | | |
| ६९. | फारवेस्ट टाइम्स दैनिक ( महेन्द्रनगर) | ३ | x | x | x | x | x | x | x |
| ७०. | रहस्य साप्ताहिक (महेन्द्रनगर) | ४ | x | x | x | x | x | x | x |
| ७१. | श्री सार्थक साप्ताहिक ( महेन्द्रनगर) | १ | x | x | x | x | x | x | x |
| ७२. | नयाँ मुलुक दैनिक (महेन्द्रनगर) | ३ | x | x | x | x | x | x | x |
| ७३. | कालापानी सन्देश साप्ताहिक ( महेन्द्रनगर) | x | x | x | x | x | x | x | x |
| | जम्मा | २९८ | १२ | १३ | ८.३८ | x | x | ११ | ३.६९ |

दलित र जनजाति समूहको समग्र उपस्थिति नै न्यून भएको अवस्थामा तालिकाले दलितरजनजाति महिला स्तम्भकारहरुको संलग्नताको विश्लेषण गर्ने ठाउँ दिएको छैन।

स्तम्भकारको चर्चा गर्दा नेपालगन्जबाट निस्कने दैनिक *'बागेश्वरी टाइम्स'* को उदाहरण उल्लेखनीय देखिन्छ। यस पत्रिकाबाट २२ जना स्तम्भकारहरुको नाम प्राप्त छ जुन संख्याले स्पष्टसँग के बुझाउँछ भने २२ जना नै नियमित छैनन्। तर तालिकाको प्रतिशतको गणनामा भने यसको विभिन्न प्रभाव छ। यी २२ जनामा दलितरजनजाति नपरेकाले यसले एकातर्फ गैर-जनजातिरदलितको गणनालाई यसै बढाएको छ भने अर्कातर्फ दलितरजनजातिको जम्मा प्रतिशतलाई अझ न्यून बनाएको छ।

उपत्यकाभित्रः तालिका ३.४ बाट उपत्यकाभित्र स्तम्भकार समूहको जातिगत स्थितिको झलक देख्न पाइन्छ। यस तालिकाले सर्वेक्षण गरिएका कुल ४१ प्रकाशनमा २४८ जना स्तम्भकारको संलग्नता रहेको स्पष्ट पार्दछ। तीमध्ये ६४ जना (२५.८०५) जनजाति छन् र ती मध्ये पनि ४४ जना (१७.४५५) नेवार मात्रै छन्। गैर नेवार जनजातिको संख्या २० (८.०६५) मात्रै छ।

दलित स्तम्भकारको संख्या ६ (२.४५) रहेको देखिन्छ, तर *जन उत्थान* मासिक (जुन दलित प्रधान पत्रिका हो) लाई पन्छाएर हेर्ने हो भने दलित स्तम्भकारको संख्या मात्र १ हुन आउँछ।

त्यस्तै महिला स्तम्भकारको संख्या १५ (६.०५५) छ। तीमध्ये जनजातितर्फका ७ जना छन्। ती ७ जनाभित्र पनि ६ जना नेवार जातिका छन्। दलित महिला एकै जना मात्र पनि स्तम्भकार रहेको कुनै प्रकाशन छैन।

तालिका ३.४: उपत्यकाभित्र स्तम्भकार समूह

| क्र सं. | प्रकाशन | स्तम्भकार संख्या | जनजाति संख्या गैर नेवार | जनजाति संख्या नेवार | जनजाति प्रतिशत | दलित संख्या | दलित प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | समाचार पत्र दैनिक | x | x | x | x | x | x | x | x |
| २. | कान्तिपुर दैनिक | ९ | x | ३ | ३३.३३ | x | x | x | x |
| ३. | नयाँ सडक दैनिक | ६ | x | x | x | x | x | x | x |
| ४. | गोरखापत्र दैनिक | १२ | x | २ | १६.६ | x | x | x | x |
| ५. | सन्ध्याकालीन दैनिक | ७ | x | १ | १४.२८ | x | x | x | x |
| ६. | सन्ध्याटाइम्स दैनिक | ६ | x | ६ | १०० | x | x | x | x |
| ७. | दि राइजि· नेपाल दैनिक | x | x | x | x | x | x | x | x |
| ८. | सिटी टाइम्स सन्ध्याकालीन | x | x | x | x | x | x | x | x |
| ९. | प्रभातकालीन दैनिक | ५ | x | x | x | x | x | x | x |
| १०. | जन एकता साप्ताहिक | ९ | x | १ | ११.११ | x | x | १ | ११.११ |
| ११. | स्वनिग: साप्ताहिक | १० | x | १० | १०० | x | x | ३ | ३० |
| १२. | जनआस्था साप्ताहिक | १० | x | २ | २० | x | x | २ | २० |
| १३. | नेपालीपत्र साप्ताहिक | ५ | x | x | x | x | x | x | x |
| १४. | जाम्बुलि· साप्ताहिक | ३ | ३ | x | १०० | x | x | x | x |
| १५. | अप्सरा वा: पौ: | x | x | x | x | x | x | x | x |
| १६. | दृष्टि साप्ताहिक | १० | ३ | x | ३० | x | x | २ | २० |
| १७. | महिमा साप्ताहिक | ५ | २ | x | ४० | x | x | x | x |
| १८. | खुलामञ्च साप्ताहिक | ५ | x | x | x | x | x | x | x |
| १९. | खबर कागज साप्ताहिक | ३ | x | x | x | x | x | x | x |
| २०. | प्रकाश साप्ताहिक | १४ | x | x | x | x | x | x | x |
| २१. | देशान्तर साप्ताहिक | ५ | १ | १ | ४० | x | x | x | x |
| २२. | बुधवार साप्ताहिक | ५ | x | २ | ४० | x | x | १ | २० |
| २३. | तरुण साप्ताहिक | १ | x | x | x | x | x | x | x |
| २४. | साप्ताहिक | ७ | x | x | x | x | x | x | x |
| २५. | नब युगवाणी साप्ताहिक | ६ | x | १ | १६.६६ | x | x | x | x |
| २६. | जनधारणा साप्ताहिक | ७ | x | x | x | x | x | x | x |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७. | विमर्श साप्ताहिक | ६ | x | x | x | x | x | १ | x |
| २८. | नेपाल जागरण साप्ताहिक | ८ | x | १ | १२.५ | x | x | x | x |
| २९. | घटना र विचार साप्ताहिक | ८ | x | x | x | x | x | १ | १२.५ |
| ३०. | हिमाल पाक्षिक | ६ | २ | x | ३३.३३ | x | x | x | x |
| ३१. | अस्मिता मासिक | ४ | x | x | x | x | x | २ | ५० |
| ३२. | एक्काइसौ›› शताब्दी मासिक | ६ | x | | x | x | x | x | x |
| ३३. | मूल्याङ्कन मासिक | १० | x | ६ | ६० | x | x | १ | १० |
| ३४. | नवयुवा मासिक | ११ | x | ४ | ३६.३६ | x | x | १ | ९.०९ |
| ३५. | गोरखा सैनिक आवाज मासिक | ३ | २ | | ६६.६६ | x | x | x | x |
| ३६. | नेपाल मिरर मासिक | १२ | x | ४ | ३३.३३ | १ | ८.३३ | x | x |
| ३७. | जनउत्थान मासिक | ५ | x | x | x | ५ | १०० | x | x |
| ३८. | युवामञ्च मासिक | १२ | x | x | x | x | x | x | x |
| ३९. | नागरिक मासिक | २ | २ | x | १०० | x | x | x | x |
| ४०. | विमोचन मासिक | x | x | x | x | x | x | x | x |
| ४१. | तामाङ टाइम्स त्रैमासिक | ५ | ५ | x | १०० | x | x | x | x |
| | जम्मा | २४८ | २० | ४४ | २५.८ | ६ | २.४ | १५ | ६.०४ |

(ग) प्रकाशकीय समूह[४]

उपत्यकाबाहिरः उपत्यकाबाहिरका अधिकांश प्रकाशनगृहहरु व्यक्तिगत प्रयासमा सञ्चालित छन्। प्रकाशकहरु संस्थागत अवधारणा र अप्ठेरादेखि चिन्तित अनि ग्रसित पनि छन्। यही कारणले गर्दा प्रकाशक स्वयंले सम्पूर्ण जिम्मेवारी वहन गर्दै वितरक, व्यवस्थापक र निर्देशकका रुपमा कार्य गरेको पाइन्छ। अनि संस्थागत स्वरुप नअँगालेका यी प्रकाशन गृहहरुमा कोही छुट्टै अध्यक्ष हुने कुरै भएन।

तालिका ३.५: उपत्यकाबाहिर प्रकाशकीय समूह

| क्रसं. | पद | जनजाति | महिला संख्या | दलित संख्या |
|---|---|---|---|---|
| १. | वितरण प्रमुख | ५ | १ | x |
| २. | बजार प्रमुख | ७ | x | x |
| ३. | निर्देशक | ३ | x | x |
| ४. | प्रबन्ध निर्देशक | ९ | १ | १ |
| ५. | अध्यक्ष | १ | x | x |
| | जम्मा | २५ | २ | १ |

४ प्रश्नावलीमा वितरण प्रमुख, बजार प्रमुख, निर्देशक, प्रबन्ध निर्देशक र अध्यक्ष गरी जम्मा ५ पदमा कार्यरत व्यक्तिहरुको नाम संकलन गरिएको थियो। व्यवस्थापनका अन्य क्षेत्र र शाखामा काम गर्ने व्यक्तिहरुलाई यसले समेटेको छैन। त्यसैले प्रकाशकीय समूह भनेर तिनै माथिका ५ पदमा संलग्न व्यक्तिहरुको समूहलाई बुझ्नुपर्छ।

७३ वटा प्रकाशनगृहमा प्रकाशकीय समूहमा जम्मा २५ जना जनजातिको प्रतिनिधित्व छ जुन आँकडाले स्पष्टसँगै देखाएको कुरा के हो भने प्रत्येक तीनवटा प्रकाशन समूहमा जम्मा १ जनजातिको उपस्थिति। दलितको हकमा यो संख्या १ मात्र छ। सम्पूर्ण ७३ वटा प्रकाशनमा लुम्बिनी दैनिक पत्रिकाको प्रबन्ध निर्देशकको पदमा एम.बी. विश्वकर्मा मात्र एक दलित हुन्। तालिका ३.५ मा अन्य पद विभाजन देखाइएको छ।

उपत्यकाभित्रः उपत्यकाभित्रका पनि धेरैजसो प्रकाशनगृहहरु व्यक्तिगत प्रयासबाट सञ्चालित छन्। अधिकांश पत्रिकामा स्वयं प्रकाशकले नै वितरक, बजार प्रमुख, व्यवस्थापक र निर्देशकको काम भ्याएको देखिन्छ। संस्थागत स्वरुप धारण गरिनसकेका यी अधिकांश प्रकाशनगृहमा अध्यक्षात्मक प्रणाली नै भएको पाइएन।

तालिका ३.६ मा देखाइए झैं सर्वेक्षण गरिएका जम्मा ४१ वटा प्रकाशनभरिमा २१ जना मात्र जनजातितर्फबाट प्रकाशकीय समूहमा आबद्ध रहेको पाइयो। तीमध्ये दुई तिहाइ अर्थात् १४ जना नेवार जातिका नै छन्। बाँकी ७ जना मात्र गैर नेवार जनजाति भएका र ती जनजाति प्रधान पत्रिकामा आबद्ध रहेका छन्।

जनउत्थान मासिकको कारणले २ जना दलितको यस प्रकाशकीय समूहमा सहभागिता देखिन्छ। अन्य कुनै प्रकाशनको प्रकाशकीय समूहमा दलितको सहभागिता भएको छैन।

४ जना महिलाको यस प्रकाशकीय समूहमा सहभागिता देखिन्छ। तर दलित र जनजाति महिला दुवैको यस समूहमा प्रतिनिधित्व शून्य छ।

तालिका ३.६: उपत्यकाभित्र प्रकाशकीय समूह

| क.सं. | पद | जनजाति | | दलित | महिला | |
|---|---|---|---|---|---|---|
| | | नेवार | गैर नेवार | | गैर दलितर गैर जनजाति | दलितर जनजाति |
| १. | वितरण प्रमुख | १ | x | x | १ | x |
| २. | बजार प्रमुख | ४ | ३ | १ | १ | x |
| ३. | निर्देशक | x | २ | x | १ | x |
| ४. | प्रबन्ध निर्देशक | ५ | १ | x | १ | x |
| ५. | अध्यक्ष | ४ | १ | १ | x | x |
| | जम्मा | १४ | ७ | २ | ४ | x |

सर्वेक्षणको समग्र निष्कर्ष


सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई केलाउँदा जनजाति र दलित वर्गको प्रतिनिधित्व मूल प्रवाह र वैकल्पिक सञ्चार माध्यमहरुमा यथेष्ट रुपमा हुन नसकेको स्पष्ट छ। अधिराज्यभरिका प्रकाशनगृहहरुको समग्र विश्लेषणमा दलित वा जनजाति प्रकाशन भनेर किटान गरिएका प्रकाशनबाहेक तथ्याङ्क संकलन गरिएका अन्य जम्मा १०४ प्रकाशनको विवरण निम्नानुसार छ:

तालिका: ३.७: मूलप्रवाहका प्रकाशनको समग्र स्थिति

| समूह | जम्मा | जनजाति | | दलित | | अन्य पिछडिएका जाति[५] | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सम्पादक | १५५६ | २३२ | १४.९५ | २२ | १.४५ | ४० | २.५५ |
| स्तम्भकार | ४९६ | ६० | १२.०५ | २ | ०.४५ | ५ | १५ |
| प्रकाशकीय | २०५ | ४६ | २२.४५ | ३ | १.४५ | ३ | १.४५ |
| जम्मा | २२५७ | ३३८ | १४.९५ | २७ | १.१९५ | ४८ | २.१५ |

तालिका ३.७ अनुसार जम्मा १०४ प्रकाशन संस्थामा सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूहमा गरी जम्मा २२५७ जनाको प्रत्यक्ष संलग्नता भएको देखिन्छ। तीमध्ये जनजाति ३३८ जना ( १४.९५) छन्। तीमध्ये पनि १९२ जना (८.५%) नेवार छन्। दलितको हिस्सा २७ जना (१.१९५) को रहेको छ भने अन्य पिछडिएका जातिको भागमा ४८ जना (२.१५) पर्दछन्। थरबाट जात छुट्ट्याउन नसकिएका र उपनाम, छद्मनामका कारण जात छुट्ट्याउन नसकिएका ४८ जना (२.१%) छन्।

## पत्रकारहरुको जातिगत स्थिति



राष्ट्रिय समाचार समिति (रा.स.स.)

छुट्टै प्रकाशनसंस्था नभए पनि नेपालसम्बन्धी समाचार उत्पादन गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह

५ यस अन्य पिछडिएका जाति समूहमा दलित र जनजाति दुवैमा नपरेका तर राज्य संयन्त्रमा कुनै पहुँच नपुगेका र सामाजिक तथा आर्थिक दृष्टिले पछाडि परेका खास गरी तराईका साह, कलवार, कुर्मी, सोनार, मुसलमान आदिलाई समेटिएको छ।

गरेको हुनाले राष्ट्रिय समाचार समितिमा पनि हामीले सर्वेक्षण गरेका थियौ»। वि.सं. २०१९ मा दुई समाचार संकलन गर्ने एजेन्सीहरु एकसाथ राष्ट्रिय संबाद समितिमा परिणत भएका थिए। यही राष्ट्रिय संबाद समिति २०२८ सालमा राष्ट्रिय समाचार समिति (रासस) हुन पुग्यो। रासस समाचार एजेन्सी हो। यसले संचारगृहहरु, जस्तैः रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र र अन्य प्राइभेट संस्थाहरुलाई समाचारको बिक्री वितरण गर्दछ। तर यसको मुख्य आयस्रोत सरकारी अनुदान नै हो।

बिहान, अपरान्ह, दिउँसो, साँझ र रातको पछिल्लो पलमा गरेर राससले ५ पटक नेपाली र अंग्रेजी भाषामा नेपालसम्बन्धी समाचार प्रकाशन गर्दछ। अनि नेपाली र अंग्रेजीमा दिनको दुई पटक, अन्तर्राष्ट्रिय समाचार बुलेटिन प्रकाशन गर्दछ।

विराटनगर, पोखरा र नेपालगन्जमा क्षेत्रीय कार्यालयबाहेक १४ अञ्चलमा नै राससका संबाददाताहरु छन्। सबै ठाउँमा गरेर राससका कर्मचारीबाहेक नेपालसम्बन्धी समाचार संकलनका लागि ६०-६५ जना स्ट्रिन्जर्स ९क्तचष्लनभचक० छन्। अंग्रेजी र नेपाली शाखासँग संलग्न सम्पादक र संवाददाता गरी काठमाडौ»मा ३७ जनाको समूह छ। यसबाहेक अध्यक्ष तथा महाप्रबन्धकको पद राससको प्रमुख पद हो। यस पदमा कसलाई नियुक्त गर्ने भन्ने अधिकार श्री ५ को सरकारमा सुरक्षित छ। यसबाहेक अध्यक्ष लगायत राससका ३ जना, सञ्चार मन्त्रालयबाट १ जना र रासस र सञ्चार मन्त्रालयभन्दा बाहिरको १ जनाको संयोजकत्वमा ५ सदस्यीय समितिको बोर्ड बनेको हुन्छ र यही बोर्डले राससका गतिविधिको निर्देशन गर्दछ।

नेपालसम्बन्धी समाचारहरु सरल तरिकाले छिटो उपलब्ध गराउनु राससको मुख्य कार्य रहँदै आएको छ। अन्तर्राष्ट्रिय समाचारको प्रसार तथा वितरण पनि यसको कार्यभित्र पर्दछ। यसका निम्ति राससले एपी (अमेरिका), एएफपी (फ्रान्स), जिन्ह्वा (चीन) र पिटिआई (भारत)बाट सेटलाइट-कम्प्युटर लिंकमार्फत सूचना संकलन गर्ने गर्दछ।

काठमाडौ»मा अवस्थित ३७ जनामध्ये १६ जना सम्वाददाता हुन् र बाँकी २० जनामा सम्पादक र अनुवाद गर्ने व्यक्ति पर्दछन्। यी ३७ जनामध्ये ६ जना जनजाति पर्दछन् तर ती सबै नेवार हुन्। दलितको सहभागिता शून्य छ। अनि २ जना महिलाको मात्र उपस्थिति छ।

सम्पादक समूहमा राससँग काठमाडौ»बाहिर जम्मा १७ जनाको संलग्नता रहेको छ। यसमा जनजातिका ७ जना पर्छन्, जसमध्ये ६ जना नेवार हुन्। महिलाको संख्या १ छ भने दलितको उपस्थिति नै देखिँदैन।

२. पत्रकारहरुको संस्थाको सर्वेक्षण

यसभन्दा अगाडिको खण्डमा हामीले विभिन्न प्रकाशन गृहमा दलितरजनजातिको सहभागिताका बारेमा चर्चा गऱ्यौं। अब यस खण्डमा पत्रकारहरुसँग सम्बन्धित केही प्रमुख संघ-संस्था र पत्रकार प्रशिक्षण गर्ने केही इन्स्टिच्युटमा दलित र जनजातिको सहभागिताका बारे चर्चा गर्नेछौ»।

यसका लागि हामीले पत्रकारहरु आफैले गठन गरेको प्रतिनिधिमूलक संस्था नेपाल पत्रकार महासंघ र श्री ५ को सरकारले गठन गर्ने प्रेस काउन्सिल नेपाललाई अध्ययनका लागि रोज्यौं। त्यसैगरी नेपाल वातावरण पत्रकार समूह र संचारिका समूह नेपाललाई सक्रिय गैर-सरकारी संस्थाका तर्फबाट रोज्यौं।

यस अध्ययनमा यी संस्थाहरुको सामान्य परिचय, सदस्यता वितरण-प्रक्रिया र कार्यसमितिको गठन-प्रक्रियाका बारेमा चर्चा गर्दै वर्तमान कार्य समितिका पदाधिकारीहरुको जातिगत विश्लेषण गर्न खोजिएको छ।

तालिका ३.८:: पत्रकारहरुका संगठनहरुमा कार्यसमितिको विश्लेषण

| ङ्क. सं. | संस्थाको नाम | पदाधि-कारी | पुरुष | | महिला | | जनजाति | | | दलित | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा संख्या | संख्या | ५ | संख्या | ५ | संख्या | | ५ | संख्या | ५ |
| | | | | | | | गैर नेवार | नेवार | | | |
| १. | नेपाल पत्रकार महासंघ केन्द्रीय समिति | २१ | २० | ९५.२ | १ | ४.७ | १ | ३ | १४.२ | x | x |
| २. | प्रेस काउन्सिल नेपाल | १४ | १४ | १०० | x | x | x | २ | १४.२ | x | x |
| ३. | नेपाल वातावरण पत्रकार समूह | ११ | ११ | १०० | x | x | x | १ | ९.०९ | x | x |
| ४. | संचारिका समूह[६] | ११ | x | x | ११ | १०० | १ | १ | १८.१ | x | x |
| | जम्मा | ५७ | ४५ | ९७.९ | २२ | ३८.६ | २ | ६ | १४.०३ | x | x |

(क) नेपाल पत्रकार महासंघः संचार तथा पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकारहरुको पेशागत हक-हितको संरक्षण गर्ने, पत्रकारहरुलाई एक सूत्रमा आबद्ध गरी राष्ट्र र समाजको हितमा लगाउने, पत्रकारितासँग सम्बन्धित विषयहरुमा अध्ययन, अनुसन्धान, सभा, सम्मेलन, गोष्ठी आदिको आयोजना गर्ने जस्ता उद्देश्य राखेर नेपाल पत्रकार महासंघको स्थापना गरिएको हो। यो महासंघ प्रतिनिधिमूलक संरचनामा आधारित संस्था हो। यसको केन्द्रीय कार्यकारिणी समितिको बनोट पनि प्रतिनिधिमूलक नै छ। महासंघका शाखा तथा उपशाखाले आफ्ना प्रतिनिधिहरु केन्द्रीय साधारण सभाका लागि पठाउँछन्। केन्द्रीय साधारण सभाको महाधिवेशनले गोप्य मतदानद्वारा केन्द्रीय समितिका पदाधिकारीहरुको निर्वाचन गर्दछ।

यो महासंघ नेपाली आम सञ्चार जगत्को सबैभन्दा पुरानो र एकमात्र प्रतिनिधि संगठन हो। यसलाई प्रकाशकदेखि श्रमजीवी पत्रकार सबैको साझा चौतारी र समन्वय केन्द्रको रुपमा मानिएको छ। त्यसैले महासंघको चासो आमसंचारको समग्र क्षेत्रको वृहत्तर विकाससँग हुनुपर्दछ।

तर महासंघको वर्तमान (२०५६-०५८) केन्द्रीय कार्यसमितिको जातीय संरचना हेर्दा बाहुन/छेत्री जातिका पुरुषहरुको बाहुल्य देखिन्छ। तालिका ३.८ मा देखाइएअनुसार कार्यसमितिका २१ जना पदाधिकारीहरुमध्ये २० जना ९९५.२५० पुरुष छन्। एक जना (४.७५) महिलाको मात्र प्रतिनिधित्व भएको छ। त्यस्तै ३ जना (१४.२५) जनजातिका पत्रकारहरु यस कार्यसमितिमा छन् र तीमध्ये २ जना (९.५५) नेवार जातिका छन्। जनजाति महिलाको उपस्थिति देखिँदैन भने यस कार्यसमितिमा दलितको पनि प्रतिनिधित्व भएको छैन। पत्रकारहरुको प्रतिनिधि संगठन भएकाले यसको कार्यसमितिमा सम्पूर्ण जातिका पुरुष र महिला पत्रकारहरुको समानुपातिक प्रतिनिधित्व हुन सकेमा महासंघ अझ बढी प्रभावकारी सिद्ध हुने थियो। बहुभाषी, बहुजातीय नेपाली समाजको प्रतिबिम्ब कार्यसमितिमा उतार्नका लागि महासंघका सम्पूर्ण सदस्यले उदार भावनाले कुनै पूर्वाग्रह नराखी दलित, जनजाति र अन्य पिछडिएका जातिका पत्रकारहरुलाई अगाडि बढाउनु पर्ने देखिन्छ।

---

६ पुरुषलाई सदस्यता दिने प्रावधान छैन।

(ख) प्रेस काउन्सिल नेपालः प्रेस काउन्सिल नेपाल प्रजातान्त्रिक समाजमा स्वतन्त्र प्रेसको अभिवृद्धि गर्ने र मुलुकमा स्वस्थ एवं मर्यादित पत्रकारिताको विकासका लागि पत्रकारलाई सुझाव दिने उद्देश्यले श्री ५ को सरकारद्वारा गठित एक वैधानिक स्वायत्त निकाय हो। प्रेस काउन्सिलले पत्रकार आचार संहिता निर्माण गरी लागू गर्ने, पत्र-पत्रिकाहरुको आवधिक मूल्याङ्कन गरी वर्गीकरण गर्ने, पत्र-पत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराहरुको छानबिन गर्ने, पत्र-पत्रिकामा प्रकाशित समाचार विरुद्धको उजुरी उपर कारवाही गर्ने लगायत पत्रकारिताको विकासका लागि श्री ५ को सरकारलाई सुझाव दिने जस्ता कामहरु गर्दछ।

यस काउन्सिलमा एक अध्यक्ष, एक सदस्य-सचिव र १२ सदस्यहरु गरी जम्मा १४ जना रहन्छन्। पत्रकारिता वा कानुनी क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट श्री ५ को सरकारले तोकेको एक व्यक्ति अध्यक्ष हुने प्रावधान छ भने प्रेस सूचना विभागका महानिर्देशक काउन्सिलका पदेन सदस्य-सचिव हुन्छन्। प्रतिनिधि सभा र राष्ट्रिय सभाका एक-एक सदस्य क्रमशः सभामुखले र अध्यक्षले काउन्सिलको सदस्यको रुपमा मनोनीत गर्दछन्। बाँकी १० सदस्यहरु सम्पादक, प्रकाशक र पत्रकारहरुमध्येबाट श्री ५ को सरकारले नै मनोनीत गर्दछ। काउन्सिलका अध्यक्ष र सदस्यहरुको पदावधि ४ वर्षको हुन्छ। प्रेस काउन्सिलका वर्तमान (२०५६-५७) पदाधिकारीहरुको जातिगत संरचनालाई हेर्दा बाहुन छेत्री जातिका पुरुषको बाहुल्य देखिन्छ। काउन्सिलका १४ जना पदाधिकारीमध्ये सबै पुरुष छन्। जनजातितर्फबाट २ जना (१४.२५) को प्रतिनिधित्व भएको छ र ती दुई जना पनि नेवार जातिका हुन्। दलितको प्रतिनिधित्व भएको छैन।

काउन्सिलका पदाधिकारीहरु श्री ५ को सरकारले मनोनीत गर्ने भएकाले यसमा राजनैतिक पूर्वाग्रहले ठूलो भूमिका खेलेको हुन्छ र काउन्सिलको गठन गर्दा त्यसैअनुसारको सन्तुलन मिलाउन खोजेको देखिन्छ। अहिलेसम्म कुनै न कुनै राजनैतिक छाप लागेका पत्रकारहरु नै काउन्सिलमा पर्ने गरेको पाइएको छ। बरु यसो गर्नुको सट्टा विशुद्ध पत्रकारिता क्षेत्रमा लागेर ख्याति कमाएका व्यक्तिहरुलाई जातीय सन्तुलन मिल्ने हिसाबले काउन्सिलमा मनोनीत गर्न सकेमा नेपालको सञ्चार जगत्ले उल्लेखनीय उन्नतिको गोरेटो समात्न सक्ने थियो।

(ग) नेपाल वातावरण पत्रकार समूहः राष्ट्रको विकासमा प्राकृतिक स्रोतको परिचालनको जति महत्त्व हुन्छ, त्यसको उपयोगमा वातावरणीय सचेतता त्यसभन्दा बढी आवश्यक हुन्छ। त्यस्तै विकास-प्रक्रियामा सञ्चार माध्यमले पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यिनै दुई तथ्यलाई ख्याल राख्दै वातावरण संरक्षण र दिगो विकासका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने उद्देश्यले 'नेपाल वातावरण पत्रकार समूह' को स्थापना गरिएको हो। यस समूहलाई वातावरणविद् र वातावरण विषयमा आवाज उठाउने सञ्चारकर्मीहरुको जमात भनेर पनि चिन्न सकिन्छ। यो एक गैर-सरकारी संस्था हो। यसले पर्यावरण प्रतिकूल हुने गरी विभिन्न क्षेत्रबाट हुने गरेका निर्णय र कार्यहरु, वनविनाश, वन्यजन्तुको शिकार, तिनको अवैध ओसार-पसार र किनबेच, परम्परागत प्रविधि र वंशको विनाश, कृषिमा रासायनिक पदार्थको बढ्दो अतिक्रमण आदिका बारेमा सूचना र समाचारको प्रवाह गर्नुका साथै पर्यावरणमाथि नकारात्मक असर हुने गरी भइरहेका क्रियाकलापहरु कम गर्न, रोक्न तथा हाम्रो प्राकृतिक वातावरणलाई दिगो आर्थिक स्रोतका रुपमा उपयोग गर्न जनचेतनाको अभिवृद्धि गर्ने कार्यमा अग्रणी भूमिका खेल्दै आएको छ। वातावरण तथा दिगो विकाससँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, प्रकाशन, गोष्ठी, सभा, सम्मेलन, प्रवचन कार्यक्रम आदिको आयोजना पनि यस समूहका कार्यक्षेत्र अन्तर्गत नै परेका छन्।

यस समूहको वर्तमान कार्यसमिति (२०५७-५८)को सर्सर्ती अध्ययन गर्दा आदिवासी जनजाति र दलितको सहभागिता छैन भन्न सकिने स्थिति छ। कार्यसमितिका ११ जना पदाधिकारीमध्ये सबैजना पुरुष छन्। एक

जना (९.०९५) नेवार जातिका व्यक्तिले सम्पूर्ण ६१ जनजातिको प्रतिनिधित्व गरेका छन् भने दलितको प्रतिनिधित्व झन् छँदै छैन। यस संस्थामा हाल जम्मा ७७ जना साधारण सदस्य छन्। यस समूहको साधारण सदस्य हुन इच्छुक व्यक्तिले एक जना कुनै पुरानो सदस्यको सिफारिससहित सदस्यता फारम भर्नुपर्दछ। त्यसैका आधारमा वातावरण पत्रकारितामा उसको योगदानलाई दृष्टिगत गरी उपयुक्त देखिएमा कार्यसमितिले उसलाई सदस्यता प्रदान गर्दछ। त्यस्तै साधारण सदस्यको अधिवेशनले निर्वाचनद्वारा कार्यसमितिको गठन गर्ने प्रावधान यस समूहको रहेको छ।

यसै पनि दलितरजनजातिका पत्रकारहरु थोरै छन्, तीमध्ये पनि वातावरण पत्रकारिता गर्ने पत्रकारहरु झन् थोरै छन् र ती थोरैमध्ये पनि केही मात्र यस समूहको साधारण सदस्य बन्न सकेका छन्। त्यसपछि कार्यसमितिमा पुग्नलाई अधिवेशनमा निर्वाचनको सामना गर्नु जरुरी हुन्छ। यिनै कारणले गर्दा यस कार्य समितिमा दलितरजनजातिको प्रतिनिधित्व हुन नसकेको हुनुपर्दछ। उचित जातीय सन्तुलनका लागि कार्यसमितिले दलितरजनजातिका पत्रकारलाई सदस्यता वितरण गर्द उदार नीति अवलम्वन गर्नुपर्ने देखिन्छ। त्यस्तै अन्य साधारण सदस्यले पनि समानुपातिक जातीय दृष्टिकोण राखी कार्यसमितिमा दलितरजनजातिको समेत प्रतिनिधित्व गराउन सके सुनमा सुगन्ध हुने थियो।

(घ) सञ्चारिका समूह नेपाल: सञ्चारिका समूह नेपाल महिला सञ्चारकर्मीहरुको प्रयासले स्थापित भएको एक गैर-सरकारी संस्था हो र महिला सञ्चारकर्मीहरु मात्रै यसको सदस्य बन्न सक्छन्।

समाजमा महिलाहरुलाई हेर्ने पुरानो दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि सञ्चार माध्यममा महिलाको सकारात्मक छवि प्रस्तुत गर्ने, लैंिक समानतायुक्त समाजको निर्माणमा सहयोग पुग्ने काम र कार्यङ्महरु गर्ने, महिला सशक्तीकरणको आवश्यकताबारे जनचेतनाको अभिवृद्धि गर्ने खालका कार्यङ्महरु सञ्चालन गर्ने, महिलाहरुलाई उनीहरुको हक-अधिकारप्रति सचेत गराउनुका साथै राष्ट्रप्रतिको जिम्मेवारीको बोध गराउने आदि उद्देश्यहरु यस संस्थाले राखेको छ।

यस समूहले महिला अधिकारका लागि कार्यरत विभिन्न संघसंस्था र व्यक्तिहरु तथा सञ्चारकर्मीहरु बीच समन्वय ल्याउने, महिलाले भोग्नु परिरहेका समस्याका विषयलाई सञ्चारको माध्यमबाट प्रस्तुत गर्ने, महिलाका विषयमा अध्ययन र अनुसन्धान गर्ने, सञ्चार क्षेत्रमा महिलाको सहभागिता बढाउने उद्देश्यले तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने जस्ता कार्यहरु गर्दै आएको छ।

साधारण सभाको निर्वाचनद्वारा यस समूहको कार्यसमितिको चयन गरिन्छ। कार्यसमितिमा ११ जना रहन्छन्। वर्तमान कार्यसमिति (०५५-०५८)को जातिगत संरचनालाई हेर्दा २ जना (१८.१५) जनजाति भएको पाइयो जसमध्ये एक नेवार छन्। दलितको सहभागिता यस समूहमा भएको छैन। यस संस्थामा हाल जम्मा ६७ सदस्यहरु छन्।

नेपाली समाजमा महिलाहरु पिछडिएका त छँदै छन्। महिलाभित्र पनि जनजाति महिला र दलित महिलाहरु अझ बढी पिछडिएका छन् भन्ने कुराको झलक हामी यस कार्यसमितिको बनोटबाट पाउँछौ»। यस संचारिका समूहले दलित र जनजातिका महिलाहरुलाई पत्रकारिता-क्षेत्रमा ल्याउनका लागि प्रोत्साहन गर्नुका साथै उनीहरुका लागि विशेष तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यसै गरी कार्यसमितिमा पनि दलित र जनजातिको समानुपातिक प्रतिनिधित्व गराउन सके बेस हुने थियो।

३. पत्रकारहरुलाई प्रशिक्षण दिने संस्थाहरुको सर्वेक्षण

पत्रकार प्रशिक्षित गर्ने संस्थाहरुका तर्फबाट त्रि.वि.वि. अन्तर्गतको रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाल प्रेस

इन्स्टिच्युट र मिडिया प्वाइन्टलाई हामीले रोजेका छौँ।

तालिका ३.९: पत्रकार प्रशिक्षण संस्थाको सर्वेक्षण

| क्र. सं. | संस्थाको नाम | जम्मा संख्या | पुरुष | | महिला | | जनजाति | | | दलित संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | % | संख्या | % | संख्या | | % | संख्या | % |
| | | | | | | | गैर नेवार | नेवार | | | |
| १. | नेपाल प्रेस इन्स्टिच्युट | | | | | | | | | | |
| | क) कार्यसमिति | ११ | १० | ९०.९ | १ | ९.०९ | x | १ | ९.०९ | x | x |
| | ख) स्रोत व्यक्ति | १२ | १२ | १०० | x | x | x | x | x | x | x |
| २. | त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस (प्राध्यापक) | ८ | ८ | १०० | x | x | १ | ३ | ३७.५ | x | x |
| ३. | मिडिया प्वाइन्ट (स्रोत व्यक्ति) | ३७ | ३६ | ९७.२ | १ | २.७० | x | ८ | २१.६२ | x | x |

(क) रत्नराज्यलक्ष्मी क्याम्पसः संचार क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले त्रिभुवन विश्व-विद्यालयअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा 'पत्रकारिता तथा आमसञ्चार' विषयमा स्नातक तहसम्मको अध्यापन गराइन्छ। वि.सं. २०३३ मा विश्वविद्यालयस्तरीय शिक्षा अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा अध्यापन गर्न सुरु गरिएको पत्रकारिता विषयमा हालसम्म करीब ४ सय जनाले पत्रकारितामा स्नातक तह हासिल गरिसकेका छन्। विद्यार्थीलाई बढी व्यावहारिक र दक्ष बनाउनका निमित्त व्यावहारिक र सैद्धान्तिक दुवै किसिमका ज्ञान प्रदान गर्ने किसिमको पाठ्यक्रम समावेश गरिएको छ। एसएलसीपछि पत्रकारिता विषयमा स्नातक हुनका लागि प्रवीणता प्रमाणपत्र तहमा दुई वर्ष र स्नातक तहमा तीन वर्ष गरी ५ वर्षको अध्ययन पूरा गरेर उत्तीर्ण हुनुपर्दछ।
यस क्याम्पसमा पत्रकारिता विषयको प्राध्यापनका लागि ८ जना प्राध्यापकहरु संलग्न भएका छन् र ती सबै पुरुष हुन्। ८ जनामा जनजातितर्फ ३ जना (३७.५५) छन्। जसमध्ये २ जना नेवार छन्। दलित प्राध्यापक यस विषयको प्राध्यापनमा संलग्न भएको पाइएन।

(ख) नेपाल प्रेस इन्स्टिच्युटः नेपाल प्रेस इन्स्टिच्युट नेपालको संचार जगत्मा सक्रिय एक गैरसरकारी संस्था हो। नेपालको संचार जगत्लाई सबल बनाउने प्रमुख लक्ष्य बोकेको यो संस्थाको स्थापना वि.सं. २०४१ मा भएको हो। व्यावसायिक दक्षतामा वृद्धि गर्न यो संस्थाले पत्रकारितासम्बन्धी १० महिने तालिम संचालन गर्दै आएको छ। अहिलेसम्म यस संस्थाले १६ वटा समूहलाई प्रशिक्षण दिइसकेको छ। त्यस्तै संचारक्षेत्रसम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशनलाई पनि यसले आफ्नो कार्यक्षेत्रभित्र पारेको छ। पत्रकारिता जगत्को श्रीवृद्धिका लागि युवाहरुलाई

व्यावसायिक दक्षताको विकास हुने तालिम प्रदान गर्ने, पेसागत मर्यादा र आचरणका सम्बन्धमा जानकारी गराउने, सञ्चार माध्यमहरुको स्तर उकास्नका साथै क्षमतामा वृद्धि गर्न सकिने आधारहरुका बारेमा जानकारी गराउने तथा संचार नीति, योजना र कार्यक्रमका बारेमा राय-सल्लाह र सुझाव दिने आदि यस संस्थाका प्रमुख उद्देश्यहरु हुन्। त्यस्तै अन्य उद्देश्यमा प्रजातान्त्रिक शासन व्यवस्थामा संचारको महत्त्व, दायित्व र जिम्मेवारीबारे प्रकाश पार्ने तथा पत्रकारिता क्षेत्रको विकासका लागि चाहिने पुस्तक, पत्र-पत्रिका लगायतका अन्य सामग्रीहरु तयार गर्नु आदि पर्दछन्।

सञ्चार क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई कार्यसमितिले उपयुक्त ठहऱ्याएमा यस संस्थाको साधारण सदस्यता प्रदान गरिन्छ। साधारण सदस्यको अधिवेशनमा निर्वाचनद्वारा कार्यसमितिका ११ जना पदाधिकारीमध्ये अध्यक्षसमेत ९ जना छानिन्छन्। बाँकी दुई सदस्यहरु संचार क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका साधारण सदस्यमध्येबाट अध्यक्षले मनोनीत गर्ने प्रावधान छ।

नेपाल प्रेस इन्स्टिच्युटको वर्तमान कार्यसमिति (०५७-०५९)मा जनजातिको सहभागिता न्यून छ। तालिका ३.९ मा देखाइए झैं कार्य समितिका ११ जना पदाधिकारीमध्ये जनजातिका तर्फबाट एक जना (९.०९५) नेवार जातिका व्यक्ति परेका छन्। दलितहरुको तर्फबाट कार्यसमितिमा कोही आउन सकेका छैनन्। एक जना (९.०९५) महिलाको सहभागिता भएको छ। त्यस्तै प्रशिक्षार्थीलाई तालिम दिने स्रोत व्यक्तिहरुमध्ये एकै जना पनि दलितरजनजातितर्फका भएको देखिँदैन।

(ग) मिडिया प्वाइन्टः निजी क्षेत्रबाट पत्रकारितामा सक्रिय रहँदै आएको संस्था हो मिडिया प्वाइन्ट। मिडियालाई टेवा पुऱ्याउने लक्ष्य बोकेको यस संस्थाले मानवीय उर्जाको उत्पादनमा आफूलाई केन्द्रित गरेको छ। पत्रकारिताको व्यावसायिक शिक्षाबाहेक अनुसन्धान र मिडियालाई आवश्यक पर्ने विभिन्न सेवा यसले उपलब्ध गराउँदै आएको छ।

यो सन् १९९५ मा स्थापना भएको हो। हाल यसले पत्रकारिताका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन र मिडियालाई आवश्यक पर्ने केही सेवाहरुको व्यवस्थापनलाई सँगै लिएर बढिरहेको छ। आफ्ना सबै लक्ष्यलाई १० महिने पत्रकारिताको प्रशिक्षण, मिडियासँग सम्बन्धित अन्य छोटो प्रशिक्षण, अनुवाद, विभिन्न संस्थाका प्रकाशनका लागि सम्पादकीय सेवा, प्रेस क्लिपिंग्सका साथै मिडियालाई सेवा पुग्ने अन्य गतिविधिहरुमार्फत निरन्तरता दिन मिडिया प्वाइन्ट गतिशील देखिन्छ।

प्रारम्भमा ३ जनाको प्रयासबाट सञ्चालित यो संस्था अहिले श्रीरामसिंह बस्नेत र अर्जुन विष्टको स्वामित्वमा छ। तर कार्यसमिति नभएको हुनाले हामीले त्यहाँ प्रशिक्षण दिने स्रोत व्यक्तिहरुको मात्र जातीय विश्लेषण गरेका छौं। यसको मुख्य कार्य पत्रकारिताको प्रशिक्षण भएकाले ३७ जना स्रोत व्यक्ति संलग्न छन् यस संस्थामा। यी स्रोत व्यक्तिहरुमा जातीय प्रतिनिधित्वको चर्चा गर्दा बाहुन, छेत्री र नेवार बाहेक अन्य जातिको सहभागिता देखिँदैन। ८ जना (२१.६२५) नेवारको सहभागिताबाहेक अन्य कुनै जनजातिको प्रतिनिधित्व छैन। अनि, शून्य छ दलित सहभागिताको कुरा। महिलाको सन्दर्भमा १ जना (२.७०५) को उपस्थिति छ।

४. तथ्याङ्कबारे धारणाहरु

माथिका यी सबै सर्वेक्षणले संयुक्त रुपमा एउटै कुरा स्पष्ट पारेका छन्- त्यो के हो भने दलित र जनजातिहरु पत्रकारिता पेसा लगायत पत्रकारका संगठन र पत्रकार उत्पादन गर्ने संस्थाहरुमा पनि न्यून सङ्ख्यामा उपस्थित छन्। विडम्बना के छ भने सर्वेक्षण गरिएका संघ संस्थाको कार्यसमितिमा एकै जना पनि दलित परेको छैन। पत्रकार प्रशिक्षण गर्ने संस्थामा प्रशिक्षकका रुपमा पनि दलित भेटिँदैन। जनजातिको पनि स्थिति सन्तोषजनक छैन।

यी तथ्याङ्कका बारेमा दलित/जनजातिसँग सम्बन्धित र पत्रकारितासँग सम्बन्धित व्यक्ति, संघ र संस्थाको कस्तो धारणा रहेको छ? यस तथ्याङ्कको पछाडि के के कारणहरु हुन सक्छन्? यसलाई ती संघ-संस्थाका व्यक्तिहरु समस्या मान्छन् त? समस्या मान्छन् भने यसको समाधानका लागि के राय-सुझाव हुन सक्छ उनीहरुको? अनि यसका लागि उनीहरुको पनि कार्यक्रम केही छ कि? यदि उनीहरु यसलाई समस्या मान्दैनन् भने किन?

सर्वेक्षणले देखाएको तथ्याङ्कका साथमा यी माथिका जिज्ञासाहरु राखेर हामीले केही व्यक्तित्वहरुसँग भेटघाट र कुराकानी गरेका थियौँ। (भेटघाट र कुराकानी गरिएका व्यक्तिहरुको नाम र सम्बन्धित संस्थाको नाम यसै अध्यायको अन्तमा राखिएको छ।)

कुराकानीका क्रममा नेपाली पत्रकारिता जगत्मा देखिएको दलित/जनजातिको न्यून उपस्थितिलाई सबैजसो व्यक्तिहरुले समस्याको रुपमा स्वीकार्नु भयो। दलितका सम्बन्धमा राष्ट्रिय सभाका सांसद बिजुलकुमार विश्वकर्माको विचार छ-"यो धेरै ठूलो समस्या हो। ५० लाख जनसंख्या भएको दलित समुदायलाई राज्यले उपेक्षा गर्दा राष्ट्र कहिल्यै विकासको पथमा लम्कन सक्दैन।''

तर नेपाल पत्रकार महासंघका सभापति सुरेश आचार्य भने यसलाई आफूले ठूलो समस्याको रुपमा नलिएको बताउँदै भन्नुहुन्छ- `पेसागत पत्रकारितामा जाति, धर्म, वर्ग आदि कुराहरु गौण हुन्छन्। त्यसैले यस क्षेत्रलाई जातीय या साम्प्रदायिक दृष्टिकोणले हेरिनु उचित हुँदैन।'' सबै जातिको सहभागिता हुनु राम्रै कुरा भएको स्वीकार्दै उहाँ अगाडि थप्नुहुन्छ- `तर कुनै सम्प्रदायको विकास गर्न त्यही सम्प्रदायकै मानिस नै चाहिन्छ भन्ने जरुरी छैन।'' त्यसै गरी महिला पत्रकारहरुको संगठन संचारिका समूह, नेपालसँग दलित र जनजाति महिलाको पत्रकारिता क्षेत्रमा सहभागिता बढाउने कुनै योजना र कार्यक्रम नभएको बताउँदै समूहका अध्यक्ष बन्दना राणा भन्नुहुन्छ- `हाम्रो संस्थामा यो जात त्यो जातभन्दा पनि को कति सक्षम भन्ने कुरा प्रमुख हुन्छ।''

दलित र जनजातिहरुको न्यून उपस्थितिको कारण के हो भनेर सोध्दा हामीले निम्न उत्तर पायौँ-

(क) पहुँचको कमीः नेपाली पत्रकारितामा दलित र जनजातिको न्यून उपस्थिति हुनाका विभिन्न कारणहरुमध्ये हामीसँगको कुराकानीमा केही व्यक्तिहरुले `पहुँचको कमी'लाई एउटा कारण मान्नु भएको छ। दलित र जनजातिलाई पत्रकारितामा लाग्नका लागि प्रेरणा, प्रोत्साहन र सहयोगका साथै काम गर्ने अवसर प्रदान गरिदिने मानिस नै छैनन् भन्ने अभिप्राय उहाँहरुको हो। हामीसँगको भेटमा राष्ट्रिय आदिवासी जनजाति महिला संघका अध्यक्ष डा. चुन्दा बज्राचार्य बताउनुहुन्छ- `अधिकांश जनजातिहरु ग्रामीण बस्तीमा बसोबास गर्ने हुँदा आम संचारका साधनबाटै उनीहरु विमुख बन्न पुगेका छन्। जोसँग पत्रकारिताको रुचि र सीप छ उनीहरुलाई मिडियासम्म पुऱ्याइदिने च्यानलको अभाव छ किनभने बाहुन-क्षेत्रीहरु आफ्नै जातका मानिस पाएसम्म अरुलाई वास्ता गर्दैनन्।'' `सरकारी सुविधा र भत्ता पाइने ठाउँमा जनजातिलाई कहीँ नराखिने र निजी क्षेत्रका प्रकाशनमा पनि पहुँच नपुगेकाले प्रतिभा भएर पनि उनीहरु यसै खुम्चिएर बस्न बाध्य भएको'' विचार व्यक्त गर्नुहुन्छ उक्त संघका महासचिव बमकुमारी बुढा मगर। राष्ट्रिय जनजाति विकास समितिका निर्देशक डा. चैतन्य सुब्बाको समाजशास्त्रीय दृष्टिकोण भने यस्तो रहेको छ- `नेपालको मिडिया प्रभुत्वशाली समुदाय ९म्फष्लबलत ऋयककगलष्तथ० को हातमा रहेको छ। उनीहरुले नेपाली समाज बहुलवादी समाज ९एगिचर्बा क्यअष्भतथ० भएको र यसमा विभिन्नता ९म्ष्खभचकष्तथ० रहेको कुरो नस्वीकारेसम्म यो समस्या सुल्झाउन गाह्रो पर्दछ।''

दलितका सवालमा यो `पहुँचको कमी' भन्ने कारण झन् प्रखर भएर देखा पर्छ किनभने हाम्रो सर्वेक्षणले पनि पत्रकारका संगठनका कार्यसमितिमा र प्रशिक्षण दिने संस्थामा प्रशिक्षकका रुपमा कोही दलित नभएको देखाएको छ। दलित हित

तथा छात्रवृत्ति प्रतिष्ठानका अध्यक्ष कमला हेमचुरीका अनुसार दलितलाई यस क्षेत्रमा लाग्नका लागि प्रोत्साहन दिने र सहयोग गरिदिने कोही छैन। आर्थिक स्रोत र मानवीय संसाधन दुवै नभएकाले दलित पछि परेको आशय छ नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजका केन्द्रीय अध्यक्ष पद्मलाल विश्वकर्माको। यस कुरालाई अझ स्पष्ट पार्दै उहाँ भन्नुहुन्छ- ‘पत्रकारितासम्बन्धी अध्ययन गर्न, तालिम लिन, संचारसम्बन्धी अन्य आधुनिक प्रविधिको उपयोग गर्न दलितहरु आर्थिक कारणले सक्दैनन्। यी सबै कुरा कुनै दलितले गरिहाल्यो वा स्वअध्ययनले पत्रकारिताको सीप हासिल गरिहाल्यो भने पनि उसलाई तान्ने मानिस कोही हुँदैन। अभिजात वर्गका, कथित उच्च जातिका मानिसहरु दलित कुनै पनि क्षेत्रमा अगाडि आएको रुचाउँदैनन्।'' दलितकै प्रसङ्गमा दलित महिला संघकी अध्यक्ष दुर्गा सोंवको कथन छ- ‘प्राथमिकता जसले पाउँछ उसले अगाडि बढ्न पाउँछ। तर विडम्बना के छ भने राज्यको उच्च तहमा दलित कहिल्यै पुग्न सकेनन् र पहुँचको अभावमा दलितको सवालले प्राथमिकता पाउनै सकेन। त्यसैले यस क्षेत्रमा मात्र नभई समाजका हरेक क्षेत्रमा दलितहरु पाखा लगाइएका छन्।''

(ख) चेतनाको कमी/अनभिज्ञता/पेशागत असुरक्षाः हामीले भेटेर कुराकानी गरेका केही व्यक्तिहरुले दलित र जनजातिको न्यून उपस्थितिका लागि चेतनाको कमी, अनभिज्ञता र पेसागत असुरक्षालाई पनि दोष दिनुभयो। पत्रकारिता पेसाका बारेमा उनीहरु धेरैलाई थाहा नै नभएको र थाहा हुनेले पनि यसमा पेसागत ग्यारेन्टी नदेखेकाले परम्परागत पेसा र अन्य वैकल्पिक पेसातर्फ उनीहरुको झुकाव रहेको भन्ने उहाँहरुको आशय रहेको छ। यस क्षेत्रको महत्त्व धेरैले बुझ्न नसकेको स्वीकार्दै नेपाल आदिवासी/जनजाति पत्रकार संघका अध्यक्ष तथा *नागरिक* मासिकका सम्पादक चन्द्रसिंह राई भन्नुहुन्छ- ‘जनजातिका मानिसको झुकाव परम्परागत पेसातर्फ नै रहेको छ। त्यसो नगर्नेहरु कि त विदेशिन्छन् कि यहीं ज्याला मजदुरी गर्छन्। केही पैसावालहरु बन्द व्यापारमा लाग्छन्। थोरैमा पत्रकारिताको रुचि र सीप दुवै छ तर त्यस्तालाई पनि राज्यले उपेक्षा गरिरहेको छ।'' त्यसैगरी पत्रकारिता क्षेत्र जनजातिका लागि नौलो नै रहेको र यसमा लागेर पनि कुनै प्रतिफल पाउन सकिन्छ भन्ने चेतना उनीहरुमा नरहेको भन्ने धारणा छ हिमाल एसोसियसनका निर्देशक तथा *हिमाल* पत्रिकाका पूर्वसम्पादक बसन्त थापाको।

दलितका पक्षमा पनि यस क्षेत्रसँगको अनभिज्ञतालाई एउटा कारणको रुपमा लिँदै कमला हेमचुरी भन्नुहुन्छ- ‘दलितलाई पत्रकारिता क्षेत्रमा लाग्दा के हुन्छ भन्ने कुराको ज्ञान छैन। यस पेसामा जागिर या आय आर्जनको ग्यारेन्टी पनि छैन। ज्याला मजदुरी गरेरै भए पनि तत्काल आय आर्जन गर्न नसके हात-मुख जोर्ने समस्या पर्छ दलितलाई।'' यस विषयमा नेपाल पत्रकार महासंघका सभापति सुरेश आचार्यको कथन छ- ‘पत्रकारिता पेसा नै असुरक्षित छ। यसले रोजीरोटीको ग्यारेन्टी दिन सक्दैन। तर यसैमा मेहनत र धैर्य धेरै गर्नुपर्ने भएकाले दलित र जनजाति यस क्षेत्रमा कम देखिएको हुन सक्तछ। नत्र यस क्षेत्रमा आउनका लागि दलित र जनजातिका लागि मात्र छुट्टै कुनै व्यवधान र अड्चनहरु छैनन्। भएमा हटाउनेतर्फ हामी लाग्ने नै छौं›› तर हामीलाई यस्तो व्यवधान छ भनेर सूचना उहाँहरुले दिनुपर्‍यो।'' यसरी नै जनजातिका लागि छुट्टै समस्या केही नभएको कुरा बताउँदै *अपरान्ह* दैनिकका सम्पादक टीकाराम राई भन्नुहुन्छ- ‘पत्रकारिता गर्न जनसम्पर्क धेरै हुनुपर्छ, अध्ययन धेरै गर्नुपर्छ। आफू सृजनशील हुनुपर्‍यो, धैर्यवान् हुनुपर्‍यो। यति गरेर पनि तत्काल पैसा आउँदैन। त्यसैले जनजातिहरुको चाख यतातिर नभएको हो।''

(ग) शिक्षाः पत्रकारितामा दलित र जनजातिको न्यून सहभागिता हुनुको प्रमुख कारण अशिक्षा हो भन्ने कुरामा सबैको सहमति देखिन्छ। अधिकांश जनजाति अशिक्षित हुनुमा हालको शिक्षा प्रणालीलाई दोषी मान्दै डा. चैतन्य सुब्बा भन्नुहुन्छ- "जनजातिले आफ्नै मातृभाषामा विद्यालय स्तरको शिक्षा पाउन सक्ने खालको परिपाटी भइदिएको खण्डमा धेरै मानिस शिक्षित हुने थिए र निश्चित रुपमा पत्रकारिता क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने थियो।'' दलितको प्रसङ्गलाई अशिक्षासँग राष्ट्रिय सभाका सांसद लालबहादुर विश्वकर्मा यसरी जोड्नुहुन्छ- "अशिक्षा दलितको मुख्य समस्या नै हो र यसले उनीहरुका लागि पत्रकारिता लगायतका अन्य हरेक क्षेत्रको ढोका बन्द गरिदिएको छ।'' दलित र जनजातिका मानिसहरु पत्रकारिता-क्षेत्रमा अशिक्षाको कारणले आउन नसकेको बताउँदै नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष गोकुल पोखरेल भन्नुहुन्छ- "वर्तमान युगमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। व्यक्तिको पेसा उसको शैक्षिक स्तरमा पनि भर पर्दछ। दलित र जनजातिलाई पत्रकारितामा ल्याउनका लागि सर्वप्रथम शिक्षामा जोड दिनु जरुरी छ।''

(घ) भाषाः भेटघाट र छलफलको क्रममा भाषालाई पनि जनजातिको न्यून उपस्थितिको एउटा कारणको रुपमा मानिएको थियो तर दलितका विषयमा भने भाषालाई कसैले पनि कारण मान्नु भएन। जनजातिका लागि भाषालाई कारक तत्त्व बताउँदै टीकाराम राई भन्नुहुन्छ- "नेपाली भाषाको व्याकरण र उनीहरुको मातृभाषाको व्याकरणमा धेरै भिन्नता भएकाले प्रायजसो जनजातिका मानिसहरुको नेपाली लेखाइमा शुद्धता भेटिँदैन। त्यसैले उनीहरुलाई नेपाली भाषामा पत्रकारिता गर्न कठिन छ र मातृभाषामै पत्रकारिता गर्न सकिने स्थिति पनि छैन।'' राईकै तर्कसँग सहमत हुनुहुन्छ हिमाल एसोशियसनका बसन्त थापा। उहाँको कथन छ- "जनजातिहरु दैनिक जीवनका व्यवहार र बोलीचालीमा आफ्नै मातृभाषाको प्रयोग गर्दछन् जसले गर्दा उनीहरुको नेपाली भाषा कमजोर हुन्छ। नेपाली भाषा नै कमजोर भएपछि नेपाली पत्रकारिता गर्ने कसरी? त्यसैले जनजातिलाई नेपाली भाषामा जोड दिन लगाउनु पर्छ। मातृभाषाको विषयलाई लिएर गरिने भाषाविवाद व्यर्थको हो जस्तो लाग्छ मलाई।'' तर भाषालाई एउटा कारण नै मान्ने *जाम्बुलि*का सम्पादक तथा जनजाति पत्रकार संघका महासचिव अजितमान तामाङ भने मातृभाषामा नै जोड दिनुपर्ने अडानमा हुनुहुन्छ। उहाँका अनुसार कुनै धर्म, जात या सँस्कृतिको समाचारको विषयलाई गहिराइमा पुगेर संप्रेषण गर्नका लागि सम्बन्धित मातृभाषामा नै रिपोर्टिङ गरी पछि अनुवाद गरिनुपर्ने हो। भाषाकै बारेमा आदिवासी जनजाति महिला संघका अध्यक्ष डा. चुन्दा वज्राचार्य थप्नुहुन्छ- "वर्तमान भाषानीतिमा सुधार ल्याई अन्य राष्ट्रिय भाषालाई पनि नेपाली भाषासरह मान्यता दिइनुपर्छ। जनजातिका मातृभाषामा पनि पत्रिका निकाल्न प्रोत्साहन गरेमा पत्रकारको संख्या आफै बढ्ने थियो।''

५. जनजाति र दलितको उपस्थिति कसरी बढाउने?

उपर्युक्त कारणहरुबाट नेपाली पत्रकारिता जगत्मा दलितहरुको उपस्थिति न्यून हुन पुगेको भन्ने जानकारी पाएपछि हामीले सम्बन्धित व्यक्तिहरुसँग समाधानका उपायसम्बन्धी सुझाव मागेका थियौं। कुराकानीका क्रममा प्राप्त सुझावको चर्चा तल गरिएको छः

(क) वैकल्पिक प्रकाशनः यहाँ वैकल्पिक प्रकाशन भन्नाले मूलप्रवाह बाहिरका खासगरी दलित वा जनजाति आफैँले संचालन गरेका पत्रिकालाई बुझ्नुपर्दछ। यी प्रकाशनहरु साँगुरो घेराभित्र सीमित भए पनि पत्रकारितासम्बन्धी सीपविकासका लागि प्रभावकारी रहेका छन् भन्ने खालको सोचाइ केही व्यक्तिहरुमा पाइयो।

जनउत्थान प्रतिष्ठानका निर्देशक तथा *जनउत्थान* मासिकका सम्पादक डी.बी. सागर भन्नुहुन्छ- ‘‘प्रजातन्त्रको पुनर्स्थापनापछि नेपाली पत्रकारिताले ठूलो फड्को मारेको छ। तैपनि दलित आन्दोलनका गतिविधिका सूचनाको प्रवाह उचित तरिकाले र उचित मात्रामा हुन नसकेको महसुस गरी हामीले *जनउत्थान*को प्रकाशन सुरु गरेका हौं। अहिलेसम्म यसमार्फत थुप्रै दलित साथीहरुले आफ्नो पत्रकारिताको सीपलाई खार्ने अवसर पाइसक्नु भएको छ।’’

चन्द्रसिंह राईका विचारमा वैकल्पिक प्रकाशनले दक्ष पत्रकारको उत्पादन गर्नमा मद्दत पुऱ्याउँछ र पछि यी पत्रकारहरु मूलप्रवाहका प्रकाशनमा जान सक्छन्। तर यस्ता प्रकाशनलाई स्थायित्व र नियमितताको समस्या रहेको गुनासो पोख्दै उहाँ भन्नुहुन्छ- ‘‘प्रेस काउन्सिलको सहुलियतको नीतिमा मूलप्रवाहका र वैकल्पिक प्रकाशनलाई सँगै राखिएको छ। वैकल्पिक प्रकाशनका लागि छुट्टै सहुलियत नीति बनाई प्रोत्साहन गर्ने व्यवस्था भएमा यस्ता प्रकाशनमा स्थायित्व आउने थियो र जनजाति पत्रकारको संख्या बढेर जाने थियो।’’ मातृभाषामा निस्कने पत्रिकालाई सरकारी स्तरबाट प्रबर्द्धन गरिएमा उक्त भाषाको जगेर्ना हुनुका साथसाथै पत्रकारहरुको पनि वृद्धि हुने भनाइ छ अजितमान तामाङको। यस प्रसङ्गमा *अपरान्ह* दैनिकका सम्पादक टीकाराम राई भन्नुहुन्छ- ‘‘यस्ता वैकल्पिक प्रकाशनले पत्रकारको वृद्धि त गरेका छन् तर यसरी पत्रिका चलाउन सकिँदैन। उनीहरु कि त मूल प्रवाहमा आउनु पऱ्यो कि कुनै जनजाति विशेषको मुखपत्र बनेर बस्नु पऱ्यो।’’

(ख) प्रशिक्षण: अल्पसंख्यामा रहेका दलित र जनजाति पत्रकारको संख्या वृद्धि गर्न उनीहरुलाई यससम्बन्धी प्रशिक्षण आवश्यक भएको धेरैले हामीलाई बताउनु भएको छ।

दलितका सम्बन्धमा दलित हित तथा छात्रवृत्ति प्रतिष्ठानका अध्यक्ष कमला हेमचुरीका विचारमा सर्वप्रथम दलितलाई आधारभूत शिक्षामा जोड दिन लगाई उनीहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाएर पत्रकारितासम्बन्धी प्रशिक्षण दिनुपर्छ। उहाँको संस्थाको योजनाका बारेमा हामीले राखेको जिज्ञासामा उहाँको कथन छ-

‘‘हाम्रो यस संस्थाले दलितहरुलाई विभिन्न विषयमा छात्रवृत्ति प्रदान गर्ने लक्ष्य लिएको छ। पत्रकारितालाई पनि हामीले यसको प्राथमिकता सूचीमा राखेका छौं। तर अहिले हामी सुरुवातकै अवस्थामा छौं।’’ दलितको सहभागिता बढाउन उनीहरुलाई छात्रवृत्ति प्रदान गरी तालिम दिनुपर्ने धारणा राख्नुहुने जन उत्थान प्रतिष्ठानका निर्देशक डी.बी. सागर तपाईंको संस्थाले यस बारेमा के गर्दैछ भन्ने हाम्रो प्रश्नको जवाफ यसरी दिनुहुन्छ- ‘‘हामीले बेला-बेलामा दलितलाई पत्रकारितासम्बन्धी तालिमको व्यवस्था गर्ने गर्छौं। अर्को कुरा सूचनाप्रवाहमा नेटवर्किङको महत्त्वपूर्ण भूमिका हुने हुँदा हामीले ‘जनउत्थान सञ्चार नेटवर्क’को गठन गरी दलित पत्रकारहरुबीच संवाद बढाउने काम गरेका छौं।’’

आफ्नो संस्थाले दिने दस महिने तालिममा छात्रवृत्ति प्रदान गरेर दलित र जनजातिलाई सरिक गराउने सोच बनाउनु भएका नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष गोकुल पोखरेल छात्रवृत्तिका लागि आफूसँग बजेट नभएको र प्रायोजक पनि नभेटिएको गुनासो पोख्नुहुन्छ। यस विषयमा जनजाति पत्रकार संघका अध्यक्ष चन्द्रसिंह राईको विचार यस्तो छ- ‘‘जनजातिलाई छात्रवृत्ति दिएर तालिम दिनुपर्ने हो। उनीहरुलाई बेला बेलामा तालिम दिने हाम्रो आफ्नै लक्ष्य पनि छ तर कसैबाट सहयोग नपाएकाले केही गर्न सकेका छैनौं।’’ हामीसँगको कुराकानीका क्रममा काठमाडौंमा मात्र सीमित रहेको क्याम्पस स्तरको पत्रकारिता विषयको पढाइतर्फ इङ्गित गर्दै डा. चैतन्य सुब्बा भन्नुहुन्छ- ‘‘अधिकांश जनजातिहरु काठमाडौंदेखि बाहिर भएकाले यस किसिमको पढाइ देशका अन्य भागहरुमा पनि पुऱ्याउन सकेमा जनजातिका विद्यार्थीले पढ्ने अवसर अझ बढी पाउने थिए।’’ यस सम्बन्धमा जनजाति विकास समितिको अन्य कार्यक्रम केही छ कि भन्ने हाम्रो प्रश्नमा उहाँको जवाफ थियो- ‘‘यस वर्ष हाम्रो सारा

कार्यक्रमका लागि खर्च भनेर सरकारले जम्मा १ करोड ५ लाख छुट्ट्याएको छ। हामीले गर्नुपर्ने कामहरु अरु धेरै छन्। त्यसैले जनजाति पत्रकारका लागि भनेर छुट्टै कुनै ठोस कार्यक्रम छैन। तर मानव संसाधन विकास कार्यक्रमअन्तर्गत दिइने छात्रवृत्तिको सूचीमा पत्रकारिता पनि छ।''

(ग) आरक्षणः जनजाति र दलितको प्रतिनिधित्व बढाउनका लागि आरक्षण अपरिहार्य छ भन्ने किसिमको आवाज धेरैको रहेको हामीले भेट्टायौं।

``सयौं वर्ष पहिलेदेखि ब्राम्हणवाद हावी भएकाले जनजाति पछि परेका छन्। यस्तो अवस्थामा आरक्षण नगर्नु भनेको कछुवा र खरायोलाई सँगै दौडाउनु हो।'' यो भनाइ आदिवासी जनजाति महिला संघकी महासचिव बमकुमारी बुढामगरको हो। यस्तै भनाइ छ हिमाल एसोसियसनका बसन्त थापाको पनि। थापाको कथन छ- ``लङ्डा र सद्दे मानिसलाई सँगै दौडाएर खेलमा न्याय हुन सक्दैन। आरक्षण हरेक क्षेत्रमा आवश्यक छ। सरकारी स्वामित्वका संचार माध्यममा आरक्षण गर्ने र निजी क्षेत्रका संचार माध्यममा जनजातिका संघ संस्थाहरुले जनजातिलाई पनि समावेश गर्नुपर्ने माग राख्दै अनुरोध गर्ने, दवाब दिने गरेमा जनजातिका पत्रकारको संख्या बढ्नेछ।''

त्यसैगरी आरक्षणकै पक्षमा उभिँदै पद्मलाल विश्वकर्मा भन्नुहुन्छ- ``एकीकरण पछिका २३१ वर्षको इतिहासमा राज्यको कुनै पनि क्षेत्रमा दलितहरुको संलग्नता हुन सकेको छैन। तर अब उनीहरुका लागि पत्रकारिता क्षेत्रमा मात्र हैनस शिक्षा, स्वास्थ्य, प्रशासन, अड्डा-अदालत, प्रहरी सेवा, सैनिक सेवा लगायतका हरक्षेत्रमा निश्चित अवधिसम्म आरक्षण गरिनुपर्छ।'' चन्द्रसिंह राईका विचारमा सरकारले जनजातिलाई सरकारी संचार माध्यममा आरक्षण गरी समावेश गर्नुका साथै निजी क्षेत्रका पत्र-पत्रिकालाई पनि जनजाति समावेश गर्ने खालको नियम लागू गर्न सक्छ।

आरक्षणका सम्बन्धमा अलि पृथक् मत छ पत्रकारिता तथा आमसंचार विषयका प्राध्यापक चिरञ्जीवी खनालको। उहाँ भन्नुहुन्छ- ``अध्ययनको क्रममा राज्यले सबैलाई समान अवसर दिनुपर्छ। सबैलाई पढ्न सक्ने बनाउनुपर्छ। त्यसपछि प्रतिस्पर्धाबाटै नियुक्ति गरिने परीपाटी हुनुपर्छ। आरक्षण राजनीतिको क्षेत्रमा गरे हुन्छ।'' यस्तै बिचार टीकाराम राईको पनि रहेको छ। उहाँ बताउनुहुन्छ- ``आरक्षणले मानिसको परिश्रम गर्ने बानी हराउँछ। गुण र प्रतिभा विकास गर्ने अवसर सबैलाई समान चाहिन्छ। त्यसपछि प्रतिस्पर्धा त गर्नै पर्छ।'' आरक्षणले हीनताबोध गराउँछ भन्ने किसिमको भनाइ पनि यदाकदा सुन्नमा आउँछ। तर कमला हेमचुरी यस्तो भनाइसँग असहमत हुनुहुन्छ। उहाँकै शब्दमा भन्नुपर्दा ``आरक्षणलाई दयाको रुपमा हेरिनु हुँदैन। परन्तु यसलाई राज्यले शताब्दीऔंदेखि यो समुदाय (दलित)लाई गरिरहेको शोषणको क्षतिपूर्तिका रुपमा लिनु पर्दछ।''

सर्वेक्षणको तथ्याङ्कबारे धारणा बुझ्न सम्पर्क गरिएका व्यक्ति तथा सम्वद्ध संस्थाहरु

| | |
|---|---|
| १. डा. चैतन्य सुब्बा | निर्देशक, राष्ट्रिय जनजाति विकास समिति |
| २. वसन्त थापा | निर्देशक, हिमाल एसोसियसन |
| | पूर्वसम्पादक *हिमाल* |
| ३. चन्द्रसिंह राई | अध्यक्ष, नेपाल आदिवासी/जनजाति पत्रकार संघ |
| | सम्पादक, *नागरिक* |
| ४. अजितमान तामाङ | महासचिव, नेपाल आदिवासी/जनजाति पत्रकार संघ |
| | सम्पादक, *जाम्बुलिङ्ग* |
| ५. डा. चुन्दा बज्राचार्य | अध्यक्ष, नेपाल आदिवासी/जनजाति महिला संघ |
| ६. बमकुमारी बुढामगर | महासचिव, नेपाल आदिवासी/जनजाति महिला संघ |

| | |
|---|---|
| ७. पद्मलाल विश्वकर्मा | अध्यक्ष, नेपाल उत्पीडित जातीय मुक्ति समाज |
| ८. डी.बी. सागर | निर्देशक, जन उत्थान प्रतिष्ठान |
| | सम्पादक, *जन उत्थान* |
| ९. चक्रमान विश्वकर्मा | महासचिव, दलित सेवा संघ |
| १०. कमला हेमचुरी | अध्यक्ष, दलित हित तथा छात्रवृत्ति प्रतिष्ठान |
| ११. लालबहादुर विश्वकर्मा | सांसद, राष्ट्रिय सभा |

१२. बिजुल विश्वकर्मा सांसद, राष्ट्रिय सभा

१३. दुर्गा सोंव अध्यक्ष, दलित महिला संघ

अध्यक्ष, दलित गैर सरकारी संस्था महासंघ

१४. टीकाराम राई सम्पादक, *अपरान्ह*

पूर्वसम्पादक, *काठमाण्डु टुडे*

१५. सुरेश आचार्य सभापति, नेपाल पत्रकार महासंघ

१६. गोकुल पोखरेल अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्युट

१७. मोहन बिष्टमहासचिव, नेपाल वातावरण पत्रकार समूह

१८. वन्दना राणा अध्यक्ष, संचारिका समूह नेपाल

१९. चिरञ्जीवी खनाल प्राध्यापक (पत्रकारिता तथा आमसंचार)

रत्नराज्यलक्ष्मी क्याम्पस

२०. गोविन्द न्यौपाने स्वतन्त्र लेखक

●